जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १२ अंक ७, २०८० साल जेठ १२ गते शुक्रबार, नेपाल संवत् ११४३ (May. 26, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–


### भ्रष्टाचारविरुद्ध विशाल नेपाल महाअभियान

काठमाडौं । विशाल नेपाल महाअभियानले देशमा बढ्दै गइरहेको राज्य संरक्षित भ्रष्टाचारविरुद्ध जनआवाज बुलन्द गर्दै खबरदारी सभा गर्ने भएको छ । महाअभियान स्रोतले जनाएअनुसार यही जेठ १४ गते आइतबार दिनको ठिक २ बजे काठमाडौंको केन्द्र रत्नपार्कस्थित शान्ति बाटिकामा उक्त कार्यक्रम गरिनेछ ।

कार्यक्रममा ग्रेटर नेपाल महाअभियाको औचित्यबारे नागरिक सचेतना बढाउने, राज्य संरक्षित संस्थागत बाँकी ८ पेजमा

### भिजिट भिसामा कडाइ

काठमाडौं । सरकारले भिजिट भिसामा कडाइ गरी अब खाडी मुलुकसहितका मुलुकमा जाने व्यक्तिमाथि निगरानी बढाउन अध्यागमन कार्यालयलाई निर्देशन दिएको छ । अध्यागमन विभागका महानिर्देशक झलकराम अधिकारीले सबै अध्यागमन कार्यालयलाई निर्देशन जारी गर्दै भिजिट भिसाको दुरुपयोग गरी मानव तस्करी हुन सक्ने सम्भावित ठाउँमा यात्रा गर्ने व्यक्तिप्रति पूर्ण सतर्कताका साथ काम गर्न यस्तो निर्देशन दिएको बताए ।


विशेषगरी भिजिट भिसामा खाडी मुलुक, टर्की, बाँकी ८ पेजमा

# विवादित नागरिकता विधेयक ब्युँताउन चलखेल

काठमाडौं । शितलनिवासमा थन्किएको विवादित नागरिकता विधेयक प्रमाणीकरणका लागि सत्ता गठबन्धनका शीर्ष नेताहरूले राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेरै आग्रह गरेपछि उनले संवैधानिक आधार खोज्न थालेका छन् । संसदको दुवै सदनले पारित गरेको नागरिकता विधेयक २०७९ साउन १६ गते तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पहिलोपल्ट प्रमाणीकरणका लागि पठाइएको थियो । विधेयकमा चित्त नबुझेको भन्दै उनले ८ बुँदाको सरोकार उल्लेख गरेर संसदमा फिर्ता पठाएकी थिइन् । दुवै सदनले दोस्रो पटक विधेयक हुबहु पारित गरेर भदौ २० मा राष्ट्रपतिकहाँ पठाइएको थियो । १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था भए पनि उनले प्रमाणीकरण नगरी राखिन् ।

अघिल्लो राष्ट्रपतिले थन्काइदिएको विधेयकलाई अहिले कोट्याएर प्रमाणीकरण गर्ने हो भने त्यसको संवैधानिक आधार सरकारले देखाइदिनुपर्ने राष्ट्रपति पौडेलको निष्कर्ष छ । एकपटक अस्वीकृत भइसकेको विधेयकबारे संवैधानिक प्रबन्ध प्रस्ट नभएकाले यथास्थितिमा जारी गर्न नसकिने भनाइ राष्ट्रपतिले शीर्ष नेताहरू प्रधानमन्त्री प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा, नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल, उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का सम्मिलित शितलनिवास पुगेको टोलीसमक्ष राखेको राष्ट्रपतिको कार्यालय स्रोतले बताएको छ ।

अर्थ विधेयकबाहेक अरु विधेयकमा राष्ट्रपति सन्तुष्ट नभए सन्देशसहित एकपटक संसदमा फिर्ता पठाउन सकिने कानुनी व्यवस्था छ । संसदले पारित गरी दोहोर्‍याएर पठाएमा उक्त विधेयकलाई १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ । तर राष्ट्रपतिले प्रमाणीकरण नगरे विधेयकको अस्तित्व के हुन्छ, भन्नेमा थप संवैधानिक व्यवस्था छैन । तत्कालीन राष्ट्रपति भण्डारीले विधेयकका विषयमा लामो र घनीभूत कानुनी परामर्श गरी त्यसलाई




प्रमाणीकरण नगर्ने निचोड निकालेकी थिइन् । उनीमाथि सत्ता गठबन्धनका दलहरूले संविधानलाई उल्लंघन गरेको संगिन आरोप लगाएका थिए । मधेसमा त उनीविरुद्ध नारा जुलुससमेत भएका थिए । विधेयकको पक्ष र विपक्षमा जनमत बाँडिएको थियो । विपक्षमा देखिएको जनमतले भने तत्कालीन राष्ट्रपति भण्डारीको खुलेरै तारिफ गरेको थियो । तत्कालीन राजा वीरेन्द्रले पनि कांग्रेस नेतृत्वको सरकारले अर्थ विधेयकका रुपमा २०५२ मा ल्याएको नागरिकता विधेयकलाई अस्वीकार गरेका थिए ।

नागरिकता कुनै पनि मुलुकका बासिन्दाले पाउने नैसर्गिक अधिकार हो । अझ यो मुलुकको राष्ट्रियताको प्रमाणपत्र हो । नागरिकता परिचयपत्र नेपाली नागरिकको परिचयपत्र हो । यो राष्ट्र र जनताबीचको सम्बन्ध कायम गर्ने माध्यम हो । देशको राष्ट्रियताको पहिचान र रक्षा पनि नागरिकता प्राप्त नागरिकबाटै हुन्छ । त्यसैले नागरिकता वितरण हचुवा तवरले गरिनु हुन्न । यदि देशमा गैरनेपाली नागरिकहरूको बाहुल्यता रह्यो भने राष्ट्रिय अस्मिता नै संकटमा पर्छ । फिजीको घटनाबाट नेपालले पाठ सिक्न जरुरी छ । फिजीमा भारतीय मूलका गैरफिजी नागरिक महिन्दा चौधरी फिजीका प्रधानमन्त्रीमा निर्वाचित भएका थिए । त्यहाँको सुप्रिमकोर्टले चौधरी सरकारलाई बर्खास्त नगरेको भए आज फिजी सायद भारतको संरक्षित राज्य बनिसक्ने थियो । नेपाल र भारतबीच खुला सिमाना छ । सन् १९५० को राष्ट्रघाती सन्धिले भारतीयहरूलाई नेपालमा व्यावहारिक र व्यावसायिक कारोबार गर्न छुट दिएको छ । नेपालको भूराजनीतिक विशिष्ट परिस्थितिमा राज्यको नागरिकता नीति खुकुलो एवं वितरणमुखी होइन, यो मूलतः नियन्त्रणकारी र कठोर हुनुपर्छ ।

नागरिकता नीति देशको विशिष्ट स्थितिले निर्धारण गर्छ । हाम्रो भौगोलिक अवस्था, राष्ट्रिय परिस्थिति, सामाजिक एवं सांस्कृतिक परिवेश, जनसंख्याको चाप र छिमेकीसँगको सम्बन्धको सूक्ष्म ढंगबाट विश्लेषण गरेर नागरिकता नीति तर्जुमा गरिनु पर्छ । ०६३ सालदेखि नागरिकता टोलीद्वारा वितरण गरिएको जन्मसिद्ध नागरिकता र उल्लेख्य मात्रामा भारतीयहरूले प्राप्त गरेका नागरिकता प्रमाणित तथ्यको आधारमा उच्चस्तरीय छानबिन आयोग गठन गरी छानबिन गरिनुपर्छ । पछिल्लो समयमा तिब्बती शरणार्थीहरूले समेत नेपाली नागरिकता प्राप्त गरेका घटना सार्वजनिक हुनुले नागरिकता वितरणमा सरकारी लापर्बाहीलाई सतहमै देखाइसकेको छ ।

०४६ सालपछि बनेका सबै सरकारले निर्णय गर्दै भारतीय नागरिकलताई नागरिकता दिए । ०५४ सालमा जितेन्द्रनारायण देवको कार्यदलले तराई भेगमा लाखौं बाँकी ८ पेजमा

## नामुद भ्रष्टलाई चिनौं



काठमाडौं । देशमा भ्रष्टाचारविरुद्ध जनलहर उठिरहेका बेला समेत नामुद भ्रष्टहरू राष्ट्रको ढिकुटी खोक्रो पार्दै देश लुट्न तल्लीन रहेका छन् । भ्रष्टाचार नियन्त्रण गर्ने मूल दायित्व बोकेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग केही थान झिना मसिना खरिदार सुब्बा ओभरसियर जस्ता कर्मचारीहरूको सानोतिनो रिस्वतका कसुरहरूलाई जम्मा गरेर अदालतमा पेस गरी आफ्नो मूल दायित्वबाट विमुख भइरहँदा त्यसका प्रमुख प्रेमकुमार राई आफैं नक्कली भूटानी बाँकी ८ पेजमा

## विशाल नेपाल महाअभियानको तेस्रो बैठक





काठमाडौं । गत जेठ ६ गते विशाल नेपाल महाअभियानको तेस्रो बैठक सम्पन्न भएको छ । अभियन्ता सुरेन्द्र ढकालको संयोजकत्वमा बसेको बैठकले निम्नानुसारका निर्णय गरेको छ ।

क) अभियानमा बाँकी ८ पेजमा

## खाँण र रायमाझीसहित ३० जनाविरुद्ध मुद्दा दर्ता

काठमाडौं । नक्कली भुटानी शरणार्थी प्रकरणमा तानिएका दुई पूर्वमन्त्रीसहित ३० आरोपितविरुद्ध चारवटा कसुरमा मुद्दा दायर भएको छ । पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाणसहितलाई राज्यविरुद्धको अपराध, ठगी र संगठित अपराध र किर्तेगरी गरी चार कसुरमा अभियोग लगाइएको छ ।

बुधबार शरणार्थी प्रकरणमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको हो । उनीहरूबाट २८ करोड बराबरको विगो माग गरिएको छ । सो मुद्दामा ठगी प्रकरणमा मुछिएकाविरुद्ध ठगी, संगठित अपराध तथा राज्यविरुद्धको अपराधका साथै किर्तेमा समेत सजाय माग दाबी गरिएको छ ।

मुख्य नाइके भनी श्रेणीबद्ध संरचना तयार गरी संगठित अपराधिक क्रियाकलापमा लागेका बताउँदै पहिलो तह अर्थात् मुख्य नाइकेमा सानु भण्डारी



र केशव दुलाल, इन्द्रजित राई, सन्दीप रायमाझी र प्रतीक थापालाई राखिएको छ । दोस्रो तहमा कार्यान्वयन गराउन सक्रियहरू भनेर राखिएको छ । दोस्रो तहमा सन्देश शर्मा, आङटावा शेर्पा, निरज राई, टंक कुमार गुरुङ, सागर राई रहेका छन् ।

तेस्रो तहमा कार्यदल बनाउने र नीति नियम बनाउने काम गरेको बताइएको छ । जहाँ पूर्वमन्त्रीहरू वालकृष्ण खाण, टोपबहादुर रायमाझी, तत्कालीन गृहसचिव टेकनारायण पाण्डे, खाणका पीए नरेन्द्र केसी, भुटानी शरणार्थीका नेता टेकनाथ रिजाल र हज समितिका अध्यक्ष शमशेर मियाँ रहेका छन् । उनीहरूले नीतिगत रूपमा प्रभाव पार्ने काम गरेको उजुरीमा बताइएको छ ।

संगठित रूपमा ठगीको रकम उठाउने अर्थात् चौथो तहमा रामशरण केसी, राजेश अर्याल, विक्रम भन्ने गोविन्द चौधरी, सुनिल बुढाथोकी, निरन्जनकुमार पोखरेल, धिरेन राई, मोहनराज राई, अशोक पोखेरल, सागर राई, दीपा हुमागाईं, बाँकी ८ पेजमा

## नेपालको विश्वकप यात्रामा आईसीसीको षड्यन्त्र

काठमाडौं । एक दिवसीय वरियतामा १४ औं स्थानमा रहेको नेपाली क्रिकेटको पछिल्लो प्रदर्शनले धेरैको ध्यान तानेको भए पनि नेपाली क्रिकेटको विकासमा अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसीसी) नै बाधक बनेको छ ।

जिम्बावेमा हुने विश्वकप क्वालिफायरमा आईसीसीले बनाएको अभ्यास खेल तालिकापछि नेपाली क्रिकेटलाई अघि बढ्न नदिन आईसीसी नै बाधक रहेको र विश्वकपमा जान नदिन षड्यन्त्र गरेको समाचार प्राप्त भएको छ । प्रतियोगिताको पूर्व खेलाइने अभ्यास म्याचको तालिकामा नेपालमाथि आईसीसीको भेदभावपूर्ण व्यवहारले धेरैलाई निराश बनाएको छ । यस विषयमा क्यानले पत्र समेत काटेको छ ।

अभ्यास खेलमा नेपालले युएई र ओमानसंग खेल्ने तालिका बनाएको छ । विश्वकपका ढोकामा पुगेको नेपाललाई टेस्ट मान्यता प्राप्त दुई राष्ट्रमध्ये एकसंग खेलाउनुको साटो नेपालले पटकपटक धुलो चटाएका देशसंग अभ्यास गराउनु अशोभनीय कुरा हो ।

## हरेक नेपालीको टाउकोमा ७४ हजार ऋण

काठमाडौं । नेपाल सरकारको ऋण गत वर्ष उठाएको राजस्वभन्दा डब्बल भएको छ । गत वर्ष १० खर्ब ६७ अर्ब राजस्व उठाएको सरकारले चालू आर्थिक वर्षको वैशाखसम्ममा २१ खर्ब ५४ अर्ब १२ करोड ऋण पुर्‍याइसकेको छ । कुल सार्वजनिक ऋणलाई कुल जनसंख्यासँग तुलना गर्ने हो भने एक नेपाली जनताबराबर ७४ हजार रुपैयाँ कर्जा देखिएको छ । यद्यपि, यो ऋण सरकारको भएका कारण जनताको टाउकोमा भन्ने थोपरिँदैन । जनताले मेरो भागको कर्जा तिर्छु भने पनि तिर्न पाउँदैन ।

सरकारले यो कर्जा राजस्व आम्दानीबाटै तिर्नुपर्नेहुन्छ । हालसम्ममा ७ खर्ब ७१ अर्ब मात्र राजस्व उठाउन सरकारले असार मसान्तसम्ममा १० खर्ब पनि मुस्किलले उठाउन सक्ने अवस्था छैन । यो हिसाबले नेपाल सरकारको राजस्व आयबाट मात्र सार्वजनिक ऋण तिर्ने हो भने दुई वर्ष लाग्ने देखिएको छ । बाँकी ८ पेजमा

## अधिकांश आर्थिक घटक ऋणात्मक हुने प्रक्षेपण

काठमाडौँ । चालु आर्थिक वर्षमा मुलुकमा उपलब्ध कुल आम्दानी (खर्चयोग्य आम्दानी) भन्दा कुल खर्च करिब सवा २ खर्ब रुपैयाँले बढी हुने अनुमान राष्ट्रिय तथ्यांक कार्यालयले गरेको छ। यो रकम चालु आवको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को करिब चार प्रतिशत हो। कार्यालयका अनुसार चालु आवमा मुलुकको राष्ट्रिय पुँजी निर्माण र अन्तिम उपभोग गरी कुल ६९ खर्ब ६० अर्ब ५५ करोड रुपैयाँ कुल

खर्चयोग्य (आय) रकम छ। सोही अवधिमा मुलुकको कुल राष्ट्रिय आय ६७ खर्ब ३९ अर्ब ९० करोड रुपैयाँ छ। यसरी हेर्दा कुल व्यय (राष्ट्रिय पुँजी निर्माण र अन्तिम उपभोग) र कुल राष्ट्रिय आयबीचको अन्तर २ खर्ब २० अर्ब रुपैयाँले ऋणात्मक हुने प्रक्षेपण तथ्यांक कार्यालयले गरेको हो। गत आवमा यस्तो स्रोत अन्तर ६ खर्ब २३ अर्ब रुपैयाँले ऋणात्मक थियो। गत वर्षको तुलनामा यो वर्ष आयातमा कमी आएको छ। यसले व्यापार घाटामा पनि कमी ल्याएकाले अर्थतन्त्रमा करिब सवा २ खर्ब रुपैयाँले मात्र स्रोत अन्तर ऋणात्मक देखिएको राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक ईश्वरीप्रसाद भण्डारीले बताए।

विदेशमा गएका नेपालीले गत एक वर्षभित्रमा पठाएको रकम र बाँकी ८ पेजमा

## राष्ट्रिय पहिचानको अर्थ

**समय सन्दर्भ**

**युवराज गौतम**

जहाँ ज्युँदा जनता बस्छन्, उनीहरू असत्य र अन्याय खपेर बस्दैनन् । जुरुक्क उठ्छन् । विप्लवी हुन्छन् । थिचोमिचो गर्नेहरूको सम्मान होइन, सामना गर्छन् । भ्रष्टाचार, दमन, अत्याचार सहेर बस्दैनन् । जनता बेलैमा जागे भने राष्ट्र डुब्दैन । सास फेर्ने लासहरू मात्र मौनधारण गरिबस्छन् । नेल्सन मन्डेला, स्यामुअल एडम्स र चार्ल्स द गाल मात्र होइन, 'महिला राजा' (फिमेल किङ) क्लियोपेट्रा जस्ता कतिपय पात्रको प्रशंसा गरेका छन्, इतिहासकारहरूले ।

नेफरटिटी, निमाथप, बोदिका, जेनोबिया, इसाबेलादेखि लिएर नेपाल, भारत आदि राष्ट्रमा अनेक वीर-वीराङ्गनाको प्रसंग आउँछ । उनीहरूको गाथा काल्पनिक कथा होइन । राज्यलक्ष्मी हुन् वा झाँसीकी रानी, काल्पनिक पात्र होइनन् । प्रसिद्ध तान्त्रिक धनशमशेरले राजनीतिमा निहित 'तन्त्र' शब्द प्राचीन तन्त्र-परम्पराबाटै अनुप्राणित भएको तर्क गरेका छन् । उनको कथन छ, आध्यात्मिक र भौतिकतन्त्रका हाँगाबिँगामध्ये 'स्वतन्त्र र परतन्त्र' दुवै भौतिकतन्त्र हुन् ।

राजतन्त्र, प्रजातन्त्र र गणतन्त्र शब्दमाधुर्यका दृष्टिले 'स्वतन्त्र' मानिन्छन् । उनले भनेको 'स्वतन्त्र' शब्दार्थ जीवित आत्माहरूको आत्मनिर्णयको क्षमता, साहस, विवेक र राष्ट्रप्रतिको निष्ठामा मात्रै सार्थक हुन्छ । अधिकार (त्यो पनि सीमित मात्रै) आफूमा राखेर सर्वाधिकार अरूलाई बुझाइन्छ भने त्यो राष्ट्रको सार्वभौमसत्ता निष्प्राण हुँदै 'सुजेरेन्टी' बन्छ । तसर्थ, जुन राष्ट्रको कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, सेना, प्रेस र समस्त राज्यसंयन्त्र नै पराधीन जस्तो बन्छ, त्यो राष्ट्र सजीव रहँदैन ।

प्रचुर क्षमता भएका युवा लाखौं छन्, नेपालमा । ती सबैको जोश, जाँगर, सिप र ज्ञानको सदुपयोग गर्ने/गराउने प्रयत्न नै गरिएन । युवा-विद्यार्थीका संगठन नेतागणका 'अंगरक्षक गुल्म' भए । अभाव लगायतका अनेक कारणले पढ्न नपाएका, परिवारबाट टाढा हुनुपरेका लाखौंलाई पसिना र सत्कर्मको मूल्य दिएर स्वदेशमै रोजगारी दिलाउन कसैले प्रयत्न गरेनन् ।

राष्ट्रलाई स्वावलम्बी बनाउने भरपर्दो र दिगो कोसिस नै गरिएन । धेरै उच्चपदस्थहरू विदेशीद्वारा, विदेशीका लागि काम गर्ने यन्त्रमानव मात्र भए । राष्ट्रहित भन्दै विदेशीको स्वार्थमा निर्णय गरेर विदेशी कलमले हस्ताक्षर गरिरहे । महाकाली सन्धिदेखि नागरिकता विधेयकसम्म राष्ट्रिय हित कति सुरक्षित छ भनेर धेरैले प्रश्न गरिरहेका छन् ।

राष्ट्रका नायक हुने क्षमता नभएपछि राजनीतिकर्मीहरू 'ग्याङ लिडर' बन्छन् । सभ्य भाषामा 'दलीय नेता' भन्ने जलप लगाइन्छ । तसर्थ, आज नेपाली राजनीतिमा चलायमान देखिएका धेरैजसो पात्र परजीवी, परावलम्बी, पराश्रित, परतन्त्र छन् । बितेका ३० वर्षयता उनीहरूले पटकपटक मौका पाए पनि राष्ट्र र जनताका लागि कुनै उल्लेख्य काम गरेनन् । तसर्थ यी कोही पनि नेता होइनन् ।

खास गरी तराईका जिल्लामा गैरनेपालीले रैथानेसरह नेपालीका हक, अवसर वा यावत् सुविधा पाउँदा रसुवा, दार्चुला वा मनाङका बासिन्दा होइन, हजारौं सालदेखि तराईमै बसेका नेपाली अल्पमतमा पर्छन् । तराईका रोजगारी, कृषि, उद्योग, व्यापार, स्कुल, कलेज, अस्पताल लगायतका क्षेत्रमा 'नयाँ नागरिकता' लिएका विदेशीको हुलमुल बढ्छ ।

सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक र धार्मिक क्षेत्रमा प्रदूषण बढ्छ । भारतका युपीको जनसंख्या झण्डै २३ करोड र बिहारको ११ करोड छ । सिमानामा पर्ने अर्को राज्य पश्चिम बंगालको जनसंख्या दश करोड बराबर छ । तसर्थ उनीहरूमध्ये एक/दुई प्रतिशत मात्र 'नेपाली' भएमा ठूलो समस्या आउने देखिन्छ ।

पटक-पटक हिंसा बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

## अब अदालतको अग्नि परीक्षा

मुलुकको बहुदलीय राजनीतिक प्रणालीलाई नै धज्जी उडाउने गरी सार्वजनिक भएको नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान पूरा भएको छ । प्रहरीले उक्त प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाएको छ भने अनुसन्धान प्रक्रियालाई खुल्ला राख्ने निष्कर्षमा प्रहरी पुगेको छ । पैसाका लागि आफ्नै नागरिकलाई बेच्न तयार विभिन्न दलका नेता, सरकारी कर्मचारी तथा बिचौलिया अहिले प्रहरी हिरासतमा रहेका छन् ।नक्कली भुटानी शरणार्थी प्रकरण सार्वजनिक भएपछि अहिले विश्व समुदायको ध्यान नेपालमा परेको छ । उक्त प्रकरण सार्वजनिक भएपछि नेपालका राजनीतिक दल, प्रशासनिक नेतृत्व कति अमर्यादित रहेछन् भन्ने कुराको पटाक्षेपसमेत गरेको छ । सरकारले उक्त प्रकरणलाई कोही कसैको दबाबमा नपर्ने बताए पनि अरू–अरू काण्डमा आफ्ना नेता तथा कार्यकर्ता संलग्न रहेकाले आफू पनि परिने डरले सरकार सञ्चालकहरू अहिले डराउन थालेका छन् भने अनुसन्धानलाई पनि प्रभाव पार्न खोजेको भान हुन थालेको छ । हिजो ठूला–ठूला कुरा गर्नेहरू आज यस विषयमा चुप रहनुले पनि उनीहरूको नियतमाथि प्रश्नचिह्न खडा भएको छ ।

प्रहरीले उक्त प्रकरणमा संलग्न रहेका सबैलाई राष्ट्रद्रोह, संगठित अपराध र ठगीमा मुद्दा चलाउने गरी प्रतिवेदन बुझाएको भए पनि अदालतले सोही बमोजिम काम गर्छ वा गर्दैन, त्यो भने हेर्न बाँकी नै छ । नक्कली भुटानी शरणार्थी प्रकरण नेपालमा भ्रष्टाचार कति र कुन रूपमा व्याप्त छ भन्ने पछिल्लो उदाहरण हो । यस प्रकरणले गर्दा अन्तर्राष्ट्रिय समुदायले समेत नेपालमा सरकारबाट भ्रष्टाचार मात्र नभएर मानव तस्करीसमेत गरिने रहेछ भनी थाहा पाएका छन् । नेपाल र नेपालीका लागि यो ठूलो लज्जाको विषय हो । यो अपराध नेपालको आन्तरिक मामिला मात्र होइन, अपराधको योजना नेपालमा बन्यो र कार्यान्वयन अमेरिकामा हुने भएकाले अमेरिकाको चासोको विषय बनेको छ । त्यसैले यो विषयलाई अन्तर्राष्ट्रिय प्रतिष्ठासँग जोडिएको राष्ट्रघातीको रूपमा लिइँदै छ ।

देशले केही वर्षयता राजनीतिक, आर्थिक, सामाजिक र कूटनीतिक दृष्टिमा ठूलो चुनौती सामना गर्नुपरेको छ । यस अवस्थामा भुटानी शरणार्थी समस्याको समाधान राष्ट्रिय हितलाई सर्वोपरि राखेर इमानदारीका साथ खोज्नुपर्नेमा राज्यको संवेदनशील निकाय र पदमा बसेकाहरूले नै ठूलो रकम कुम्ल्याएर नक्कली भुटानी शरणार्थी बनाई विदेश पठाउनेजस्तो घृणित कार्य गर्नु जघन्य अपराध हो ।

यो प्रकरणमा मुछिएका ३२ जनामध्ये १६ जना जिल्ला प्रहरी परिसर, काठमाडौं र मातहतका इकाईको हिरासतमा छन् । थप १६ जनालाई फरार प्रतिवादीका रूपमा प्रतिवेदनमा समावेश गरिएको छ । राष्ट्रिय हितको संरक्षण र कानुनको कार्यान्वयनजस्ता महत्वपूर्ण जिम्मेवारी रहेको गृह मन्त्रालयका मन्त्री, सचिव, सुरक्षा सल्लाहकार तथा सरकार र राजनीतिक दलका उच्च तहका व्यक्तिहरू त्यस्तो अपराधकर्ममा संलग्न भएबाट देशको अन्तर्राष्ट्रिय प्रतिष्ठा, स्वाभिमान र विश्वसनीयतामा आँच पुगेको छ । देशको संविधान, कानुन र राजनीतिक प्रणाली नै बदनाम भएको छ । स्वदेश र प्रवासमा रहेका सबै नेपालीको शिर निहुँरिएको छ । यस प्रकरणले नेपालमा रहेका बाँकी भुटानी शरणार्थीहरूका बारेमा भुटानसहित अन्तर्राष्ट्रिय समुदायसँग कुरा गर्नसमेत नेपाललाई अप्ठ्यारोमा पारेको छ । अब दोषीलाई अदालतले कस्तो सजाय दिनेछ हेर्न बाँकी छ । अदालतले पनि दलहरूको दबाबमा आएर दोषीलाई उन्मुक्ति दिएमा जनआक्रोशको सामना गर्नुपर्नेछ ।

# सम्भावना बोकेको बिचरो सुर्खेत



**सुरेन्द्र ढकाल**

काँक्रेविहार र बुलबुले ताल अवलोकन गरिसकेपछि बाँकी समय सुर्खेत वीरेन्द्रनगर पैदलै अवलोकन गर्ने निधो गरें, किनकी भर्खर १२ बजेको थियो । मेरो काठमाडौंतर्फको उडान साँझ ५:०० बजेको थियो । म विमानस्थल पुगिसकेको थिएँ । त्यहाँ सबैभन्दा पहिले म विमानस्थल अवलोकन गर्नतर्फ लागें । कर्णाली प्रदेशको राजधानी सुर्खेत अनि त्यहाँको विमानस्थल साँच्चैको व्यवहारमा संघीयता थियो भने त्यस प्रदेशका सबै जिल्लाका उडानहरू त्यहींबाट हुनुपर्थ्यो । विमानस्थलको आगमन कक्ष भर्खर कुखुरापालन सुरु गर्न लाग्दा बनाएको टहरोजस्तो थियो । लाज मर्नु प्रस्थानकक्ष केही हदसम्म हेर्न लायक रहेछ । विमानसेवाको काउण्टर गन्दा समिट एअर, तारा एअर अनि बुद्ध एअरको मात्रै रहेछ । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको नामनिसान केही पनि रहेनछ । चेक इन काउन्टरमा नाम भए तापनि त्यस विमानस्थलको इज्जत भनेको बुद्ध एअरले काठमाडौंतर्फको दिनको दुई उडान संचालन गरेर जोगाइदिएको रहेछ । यदि नेपालगंज विमानस्थलबाटै कर्णालीको जिल्लाहरूमा उडान भर्नु थियो भने किन बाँके बर्दियालाई कर्णाली प्रदेशमा नराखी लुम्बिनीमा राखेको होला भन्ने प्रश्न मेरो मनमा उब्जियो । कर्णाली प्रदेशको राजधानी बाँकेको नेपालगन्ज नै कायम गरेको भए भइहाल्थ्यो जस्तो लाग्यो । विमानस्थललाई विस्तार गरी सबै कर्णाली प्रदेशका उडानहरू सुर्खेतबाट संचालन गर्न सरकार सक्तैन भने सुर्खेत कर्णाली प्रदेशको राजधानी खास अर्थमा कहिले पनि हुन सक्तैन ।

सिमसिम पानी परिरहेको थियो विमानस्थलवाट बाहिर निस्केर अगाडि हिँड्दा त्यहाँ औद्योगिक क्षेत्र भनेर लेखेको देखियो । त्यहाँभित्र भएका उद्योगहरूको सूची भएको बोर्ड रहेछ त्यसअनुसार त्यहाँ विभिन्न किसिमका गरी २७ उद्योगहरू संचालित रहेछन् भन्ने थाहा लाग्यो । राजमार्गसम्म ओत लाग्दै हिँड्दै गएर त्यहाँको एक पसलमा छाता किनेर म सहरको मुटु मानिने वीरेन्द्रचोकतर्फ लागेँ । बाटो चौडा गर्ने, ढल निर्माण गर्ने कार्य भइरहेको रहेछ । म पेटी पेटी कछुवाको चालमा अगाडि बढिरहेँ । बैंक, सुन चाँदी गहना पसल, रेस्टुराँ, इलेक्ट्रोनिक लगायत फेन्सी पसल, ब्यूटीपार्लर आदि नियाल्दै वीरेन्द्रचोक पुग्दा १ घण्टा बितिसकेको रहेछ । ५ तिरबाट आएको सडकहरू वीरेन्द्रचोकमा आएर मिल्दा रहेछन् । त्यहाँ पुगेपछि अब कता लागुँजस्तो लाग्यो । मेरो आँखा पश्चिमतिरको हरियालीपूर्ण अलि सफा सडकमा पर्न गयो । म त्यतै लागेँ फेरि कछुवाको चालमा । त्यो सडक चौबाटोमा पुगेर अन्त्य भयो । त्यहाँ सेतो गुलाफी रंग लगाएको सुन्दर भवन देखेँ, साइनबोर्ड कतै पनि नदेखेको र नेपालको झण्डा ठडिएको कारण प्रदेश स्तर कुनै सरकारी भवन जस्तो लाग्यो । त्यो चौबाटोबाट उत्तर सोझिदा मेरो आँखामा घण्टाघर पर्‍यो । सुन्दर शैलीमा बनेको रहेछ । झन अगाडि बढेर जाँदा खुलाचौर अनि प्रदेश संग्रहालय र अभिलेखालयको अगाडि पुगेछु । त्यहाँ झुण्डिएको भिडियो स्मार्टबोर्डले संग्रहालयभित्र के के संग्रहित छन् भनेर देखाउँदो रहेछ । केही वेर उभिएर त्यो पुरै हेरें । त्यसपछि म पुनः अगाडि बढेँ । २० मिनेट उत्तर हिँडेपछि एक चौडा सम्याएको स्थल र त्यसको छेवछाउमा ढुंगा थुपारेको देखेँ । त्यहाँ एक कुनामा प्रहरी पोस्ट रहेछ । प्रहरी भाइलाई सोध्दा त्यहाँ खेलकुद रंगशाला बन्न सुरु भई त्यसै अलपत्र परेको जानकारी पाएँ । झण्डै २ बज्न लागेको र हल्का थाकेको महसुस पनि भएकोले म पुनः विमानस्थलतर्फ लागेँ ।


विमानस्थलतर्फ लाग्दै जाँदा सुर्खेत उपत्यका, त्यहाँको हरियाली, अनि काँक्रेविहार, बुलबुले उद्यान, पंचपुरीको लेक आदि कुरालाई एकपटक पुनः मानसपटलमा कैद गरेँ नबिर्सने गरी । अनि बाँकी समय विमानस्थलको प्रस्थान कक्षमा बिताई वैशाख १९ गते बेलुकी ६ बजे काठमाडौं फर्कें । धेरै कुराको सम्भावना बोके तापनि ओझेलमा पर्न पुगेको बिचरो सुर्खेत भनेजस्तो त्यहाँ पुगेर आएपछि मलाई लागिरहेको छ ।





















# श्री आजाद आधारभूत विद्यालय तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य










यस विद्यालयको स्थापना २०१७ सालमा भएको हो । शिक्षाको न्यानो घाम प्रदान गर्ने उद्देश्य लिएर स्थापना भएको यस विद्यालयले धेरै समय पार गरिसकेको छ। यसले शिक्षाको क्षेत्रमा लामो इतिहास बोकेको पाइन्छ। यस विद्यालयमा अध्ययन गर्ने बालबालिका आज विभिन्न ठाउँमा पुगिसकेका छन् । ठाउँको अभावका कारण विद्यालयले आफ्नो स्तर वृद्धि गर्न सकेको छैन । नि.मा.वि सम्म स्तर भए पनि कक्षा छ सम्म सिमित हुन परिरहेको छ ।

**भौगोलिक अवस्था**

यो विद्यालय काठमाडौँ जिल्ला काठमाडौँ नगरपालिका वडा नं. २१ लगन देवुखेलमा अवस्थित छ । यसको चारैतर्फ नेवारहरूको पुरानो बस्ती रहेको छ। यस विद्यालयको सेवा क्षेत्रभित्र देशका विभिन्न जिल्ला तथा भारतबाट आई अस्थाई बसोबास गर्ने समुदायको संख्या पनि अत्याधिक मात्रामा रहेको छ। यस विद्यालयमा हाल तीनै विभिन्न जिल्लाबाट आई बसोबास गर्ने परिवारका बालबालिकाहरू नै अध्ययन गर्ने छात्र/छात्रा हुन् । यहाँ स्थानियबासीहरू आफ्ना छोराछोरीलाई निजी स्कुलमै पढाउने गर्दछन् । हाल यस विद्यालय वरिपरि देशका विभिन्न स्थानबाट र भारतीय नागरिकबाट गार्मेन्ट उद्योग सञ्चालन र व्यापार भइरहेको छ ।

**सामाजिक अवस्था**

यस विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरू विभिन्न वर्ग र समुदायबाट आई अध्ययन गर्ने हुनाले फरक फरक धर्म चार्डपर्व रीतिरिवाज आदि मान्ने गरेको पाइन्छ । तापनि एक अर्कामा भने राम्रो सम्बन्ध नै देखिन्छ। स्थानीय नेवारी परम्परा अनुसारका चार्डपर्वहरू यहाँ मनाइने गरिन्छ। स्थानीय समाजमा उनीहरू मिलेर बसेको पाइन्छ । उनीहरूले एक अर्कामा आइपरेका बेला सहयोग गर्ने गर्दछन् । विभिन्न जातजातिमा विभाजन भए पनि उनीहरूमा सामाजिक भावना जागृत हुने गरेको पाइन्छ। मिलेर बस्ने मिलेर चार्डपर्व मनाउने यहाँको सामाजिक परम्परा रहँदै आएको छ ।

**आर्थिक अवस्था**

यस विद्यालयमा पठनपाठन गर्ने विद्यार्थीहरूको आर्थिक अवस्था निम्न पाइन्छ। प्रायः निम्न वर्गीय परिवारबाटै यस विद्यालयमा पढ्न आउँछन् । उनीहरूको घरको आर्थिक अवस्था कमजोर हुनाका कारण पनि उनीहरूले आफ्नो पठनपाठन राम्रो गरी अगाडि बढाउन सकेका हुँदैनन् । अध्ययनका लागि आवश्यक कापी कलम किन्न पनि नसक्ने अवस्थाका समेत छन् । केही छात्रछात्राका अभिभावकहरूले प्रायः ठेलागाडा चलाउने, भारी बोक्ने, भाँडा माझ्ने, सडकमा नाङ्लो पसल राख्ने गर्दछन् । उनीहरूको आर्थिक अवस्थाले गर्दा छोराछोरीलाई पठनपाठनका क्रममा आवश्यक पर्ने सामग्री दिन नसक्ने अवस्था देखिन्छन् । केहीको अवस्था भने राम्रै देखिन्छ ।

**ऐतिहासिक अवस्था**

यस विद्यालयमा वरपर विभिन्न देवदेवताका मठमन्दिरहरू रहेका छन् । विद्यालय भवन अगाडि सानो मन्दिर छ जहाँ नेवारहरूले आफ्नो गुठी पूजा गर्ने गर्दछन् । इन्द्रजात्राको समयमा पनि यस क्षेत्रमा भव्य पूजाआजा हुन्छ। दशैं तिहार यमरी पूर्णिमा माघे संक्रान्ती, क्वाटी खाने (जनै पूर्णिमा) आदि चार्डपर्वहरू यहाँका चार्डपर्व हुन् ।

**शिक्षक तथा विद्यार्थी विवरण**

हाल यस विद्यालयमा ११ जना शिक्षक तथा कर्मचारी कार्यरत छन् भने विद्यार्थी संख्या ३७ जना छात्रा र ३८ जना छात्र गरी जम्मा ७५ जना विद्यार्थी अध्ययनरत छन् ।

**विकासका पूर्वाधार**

यस विद्यालयको वरपर पक्की सडक छ। बिजुली बत्ती आदिको सुविधा भए पनि यस क्षेत्रमा खानेपानीको भने निकै समस्या यस क्षेत्रमा देखिन्छ। विद्यालयले पनि छात्रछात्राहरूलाई स्थानीयहरू र टोल सुधार समितिको सहयोगमा खानेपानी उपलब्ध गराइरहेको छ। २०७२ को भूकम्पको कारण विद्यालय भवन क्षति भएको र पठनपाठनमा समस्या आइरहेको छ। भवन निमार्णको लागि विभिन्न संघसंस्थासँग जि.शि.का. मार्फत नेपाल सरकारसँग अनुरोध भइरहेको छ। विद्यालयको आफ्नो खाली जमिन नभएकोले भवन बनाउन समस्या भएको छ। हाल विद्यालयको दोस्रो भवनको माथिल्लो तला र झ्याल, फर्निचर निर्माण रोटरी क्लबको सहयोगमा सम्पन्न भएको छ र पहिलो भवनको सिलिङ प्लास्टर र रंगरोगन महानगरको सहयोगमा गरिएको छ ।

**दूरदृष्टि**

प्रत्येक शिक्षकले पाठयोजनासहित प्रदर्शन, समूह कार्य र परियोजना कार्य जस्ता विधि प्रयोग गरी शिक्षण सिकाइ गरेको अवस्था देख्न सकिन्छ। विद्यालय संचालनका सबै पक्षहरूमा जिल्लाभरको नमुना विद्यालयको रुपमा यस विद्यालयलाई पहिचान प्राप्त गर्ने पहल हुने छ ।

**विद्यालयका आवश्यकता**

विद्यालयको भवन कमजोर, कक्षा कोठा अपर्याप्त र पुस्तकालय र प्रयोगशालाको लागि छुट्टै कोठा आवश्यक। विद्यालयमा ICT ल्याबको अभाव, यसको लागि कम्प्युटर संख्या थप गर्नुपर्ने, ल्यापटप, स्मार्ट बोर्ड र एउटा प्रोजेक्टरको खरिद आवश्यक छ। शिक्षकका लागि कम्प्युटर तालिम आवश्यक छ ।

**विपत व्यवस्थापन**

यस विद्यालयमा विपत व्यवस्थापनका लागि समयमा शिक्षकलाई तालिम दिने गरेको छ। सामान्य तथा आगलागी, बाढीपहिरो भूकम्पजस्ता कुराको जानकारी लिने र विद्यार्थीलाई दिने गरिन्छ। विद्यालयका अगाडिको सानो चौरलाई सुरक्षित स्थान घोषणा गरी समय समयमा अभ्यास गराउँदै आएको छ ।

**विद्यालयलाई सहयोग**

यस विद्यालयलाई विगत ७ वर्षदेखि दया फाउण्डेसन नेपालबाट विभिन्न शीर्षकमा सहयोग भइरहेको छ। विद्यार्थीलाई दिवाखाजा कार्यक्रम, शिक्षकलाई तालिम र वार्षिक रुपमा शिक्षक तथा विद्यार्थीलाई स्वास्थजाँचको व्यवस्था हुँदै आइरहेको छ ।

## सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य



२०७९ सालदेखि विद्यालयले सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य सुरु गरेको छ जसअनुरुप प्रतिष्ठानले विद्यालयलाई रु १,००,००० (एक लाख) बराबरको ल्यापटप र प्रिन्टर प्रदान गरेको छ। विद्यालय सुरेन्द्र ढकाल प्रतिष्ठानसँग आवद्ध भएको कारण भविष्यमा पनि प्रतिष्ठानबाट विद्यालयलाई निरन्तर सहयोग हुने प्रतिवद्धता प्राप्त भएको छ। विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ प्रतिष्ठानको सहयोगको उच्च मूल्यांकन गर्दै प्रतिष्ठानलाई हार्दिक धन्यवाद दिन चाहन्छ र आउँदा वर्षहरूमा पनि यस्तै सहयोगको विद्यालय अपेक्षा राखेको छ ।



कथा

# धूवाँ

मातृका पोखरेल

वि. सं २०२३ उदयपुर ठानागाउँ थामखकरमा जन्मिएका मातृका पोखरेल नेपाली साहित्यको सक्रिय नाम हो। नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ पोखरेलको सेतो दरबारको छेउबाट, यात्राको एउटा दृष्य, अनुहारहरू लगायत कवितासङ्ग्रह, सन्त्रस्त आँखाहरू, घाम झुल्किनुअघि -कथासङ्ग्रह लगायतका कृतिहरू प्रकाशित छन।

'फ्रष्टेड बौलाहा' चोकको पूर्वपट्टि आएर उभियो। निर्माण पूरा हुन नपाउँदै अलपत्र परेको विवादित स्तम्भतिर फर्केर ऊ फेरि एकपटक जोडले हाँस्यो।

'यहाँ सहिद स्तम्भ बन्नुपर्छ, कुनै भ्रष्टहरूको सालिक यहाँ बनाउन पाइँदैन।' उसले सबैलाई सुनाउन ठूलो स्वरमा करायो।

यो चोक बजारमा त्यो बौलाहा जहाँ पनि जतिबेला पनि उपस्थिति हुन्छ। समय-समयमा वस्तीतिर पनि गइरहन्छ। ऊ अरु बौलाहाजस्तो बौलाहा भने होइन। मानिसहरूसँग सभ्य र शिष्ट व्यवहार गर्छ। दुःख र अन्यायमा परेका मानिसहरूलाई सल्लाहमात्र होइन, प्रतिबद्ध भएर सहयोग पनि गर्छ। ऊ यो भेकमा 'फ्रष्टेड बोलाहा'का रुपमा प्रख्यात छ। तर उसको वास्तविक नाम शशीराज थापा हो। एउटा बोरा ओडेर हिंड्छ ऊ। एउटा लौरो पनि बोक्छ।

कसैको घरमा गएर ऊ त्यसै खाँदैन। त्यहाँका केही काम गरिदिन्छ। उसले जीवनको लामो खण्ड राजनीतिमा वितायो। त्यसबेला पनि ऊ इमान्दार व्यक्तिको रुपमा परिचित भयो। उसले आफ्ना क्रियाकलापहरूमा परिवर्तन गर्दै जान थाल्यो। त्यसपछि ऊ शशीराज थापाबाट 'फ्रष्टेड बौलाहा' बन्यो। अविवाहित थियो र अहिलेसम्म पनि अविवाहित नै छ। यो बजार वरिपरि मात्र होइन, टाढा-टाढाका गाउँ-वस्तीहरूमा समेत ऊ परिचित छ।

हिजोआज यो बौलाहा स्थानीय पार्टी नेताहरूको आँखामा कसिंगर बनिरहेको थियो। तर ऊ नयाँ पुस्ताका युवाहरूको मन जित्न पनि उत्तिकै सफल भएको थियो। ऊ सत्ता नजिकका मानिसहरूको कसिंगर बन्नेक्रम निकै लामो छ। निरंकुश पंचायतकै समयमा प्रधानपञ्चमा चुनाव उठ्ने निहुँ गरेर उसले पंचायती व्यवस्थाको खिल्ली उडायो। पंचायती सरकारको आँखामा ऊ खतरनाक शत्रु बनेको थियो त्यसबेला। संसदीय राजनीतिको बाह्र वर्षमा पनि ऊ एमाले, कांग्रेस र राप्रपाजस्ता पार्टीहरूको आँखामा बिझाइरह्यो। शाही शासनकालको समय उसका लागि धेरै कष्टपूर्ण रह्यो। जनस्तरबाट ठूलो आवाज नउठेको हो भने माओवादीको आरोपमा ऊ मारिने अवस्थामा पुगेको थियो। तर ऊ बौलाहा भनिएर मात्र बाँच्न सफल भयो।

बजारको बीचमा एउटा सानो चोक छ। चोकको बीचमा वरिपरि पर्खाल लगाएर घेरिएको एउटा सानो पार्क पनि छ। तर त्यो पार्क केही महिनादेखि अलपत्र र लथालिङ्ग अवस्थामा छ। निर्माण गर्दागर्दै स्थानीय युवा विद्यार्थीहरूले पार्कको बीचमा पंचायतकालमा मारिएका एकजना सहिदको सालिक राख्ने प्रस्ताव राखे। त्यो प्रस्तावका कारण त्यहाँ निकै ठूलो राजनीतिक हल्लीखल्ली मच्चियो। विद्यार्थीहरूको प्रस्तावमा फ्रष्टेड बौलाहाले समर्थन मात्र जनाएन, अरुको सहयोग जुटाउने अभियान नै पनि थाल्यो।

अचेल यो महत्वपूर्ण विवादलाई लिएर फ्रष्टेड बौलाहाले नयाँ पुस्ताको चेतना र चिन्तनलाई बोकेर नेतृत्व नै लिएको छ।

"सहिदको नाममा यहाँ कम्युनिष्टको सालिक राख्न दिनुहुन्न। बरु सालिक राख्ने नै हो भने हाम्रा पार्टीका नेताको राख्नुपर्छ।" पंचायतकालका यही गाउँ पंचायतका प्रधानपञ्च र बहुदलकालका गा.वि.स. अध्यक्ष भइसकेको जनता पार्टीका नेता रंगध्वजले युवा विद्यार्थीहरूको प्रस्तावको बिरुद्धमा एउटा मोर्चा नै खडा गऱ्यो।

युवा विद्यार्थीहरूको प्रस्तावमा दिनहुँ जनसमर्थन बढ्दै गयो।

"एउटा सभा गरेर हामीले जनसमर्थन बटुल्नुपर्छ।" एक दिनको कोठे भेलामा रंगध्वजले आफ्ना सहयोगीहरूसँग यस्तो प्रस्ताव राख्यो।

रंगध्वज र उसका सहयोगीहरूले सभा गर्ने दिन त तोके, तर युवा र विद्यार्थीहरूको पक्षमा दिन दुईगुना रात चौगुनाको दरले समर्थन बढिरहेको थियो। पार्कभित्र राख्ने सालिकका बारेमा विवाद बढ्दै गएपछि अलिकति आकार लिन थालेको पार्क पनि क्रमशः भत्कदै र विद्रुप बन्दै गइरहेको थियो।

"हाम्रो पार्टीको आदरणीय नेताको सालिक नराख्ने हो भने यहाँ हामी कसैको पनि सालिक राख्न दिँदैनौं।" रंगध्वजले सभामा चुनौति र धम्कीका शब्दहरू वर्षाए। सभामा मानिसहरूको उपस्थिति अत्यन्तै कम थियो। उसले सभाको यो हालतको कल्पनासम्म पनि गरेको थिएन। सभामा रंगध्वजले



औंला सोझ्याएर मान्छेहरूको गिन्ती गऱ्यो। एक.. दुई', 'चौध'. पन्ध्र। फेरि गऱ्यो। उही पन्ध्रजना।

"पन्ध्र जनाको सभा त साह्रै लाजलाग्दो भयो।" एकजना सहयोगीले रंगध्वजकै अघिल्तिर निरास सुस्केरा छाड्यो।

यो कुरालाई रंगध्वजले नसुनेझैं गरेर एकपटक आफ्नो अतीततिर फर्कियो। ऊसँग त्यस्ता दिनहरू पनि थिए, जुन दिन यी सभामा जम्मा भएका मानिसहरू सदादिन उसकै अघिपछि भइरहन्थे। सभामा मानिसहरूको उपस्थिति देखेर ऊ ज्वालामुखी फुट्न लागेको पहाडझैं क्रोधित भइरहेको थियो।

रंगध्वजको सभा कोणसभाझैं क्षणभरमैं सकियो। सभालाई अन्त गरेर उसले पाइला मात्र के अघि बढाएको थियो, बजारको तल्लो चोकतिरबाट एउटा ठूलो जुलुस आफैं भएतिर आउँदै गरेको आवाज सुन्यो। उसले जुलुसका मान्छेहरूको आवाजलाई ठम्याउने कोशिस गऱ्यो। आवाजले बुझिन्थ्यो- जुलुस निकै ठूलो थियो।

'ओहो जुलुस त ठूलो रहेछ!' उसकै सहयोगी रघुवीरले ठूलो स्वरले प्रतिक्रिया दियो। रंगध्वजलाई रघुवीरसँग भित्रभित्रै रिस उठ्यो। जुलुस आएको बाटोबाट अलिकति पछि फर्किएर रंगध्वज एउटा गल्लीतिर पस्यो। केही सहयोगीहरूलाई लिएर रंगध्वज भाग्दै पूर्वतिरको मूलबाटो निस्कियो। मुलबाटोमा निस्किएपछि उसलाई झन् डर लाग्यो। ऊ फेरि अर्को गल्लीतिर पर वेग बढिरहेको श्वासलाई रोकेर ऊ एकपटक पछिल्तिर फर्कियो। जुलुसबाट चर्को नारा गुन्जिरहेको थियो। नारामा आफ्नो नाम मिसिएको पनि सुन्यो उसले। उनी आफ्ना भयग्रस्त जीवनका अतीततिर फर्कियो। पंचायत ढलेर बहुदल आउँदा पनि उसको जीवन कम त्रासपूर्ण थिएन। तर विस्तारै उनले एउटा पार्टी समातेर गा.वि.स. अध्यक्षसम्म भयो। उनको आँखामा यस ठाउँमा शासन गरेका आफ्ना स्वर्गीय दिनहरू नाच्न थाले।

"तर समय अब मेरो मुट्ठीबाट टाढा पुगिसक्यो!" उसले फेरि वर्तमानतिर फर्केर सोच्यो।

"सहिदहरूलाई बिर्सेर यहाँ भ्रष्टहरूको सालिक राखिन्छ भने अब यस ठाउँमा मानिसहरू नबसेर मुर्दामात्र बसे हुन्छ।" माइकबाट ठूलो स्वरले फ्रस्टेड बौलाहा कराइरहेको थियो।

"केटाहरू अब हामीले ठण्डा भएर सोच्नुपर्छ।" रंगध्वजको अनुहार पानी पर्नुभन्दा अघिको वातावरण शान्त भएझैं देखियो।

"यो सबै भाँड्ने काम त्यही बौलाहाको हो। त्यसले यो सबै गाउँ टोललाई नै उचालेको छ।" हुल्लड-बाजको रुपमा कुख्याती कमाएको उसको सहयोगी नरेन्द्रले परिस्थितिको विश्लेषण गर्न खोज्यो।

"अब यहाँ त्यो एउटा बौलाहा मात्र छैन। सयौं बौलाहाहरू जन्मिसकेका छन्। ती सबै बौलाहाहरू सदाचार, नैतिकता र जीवन मूल्यको कुरा गर्छन्।" रंगध्वजले परिस्थितिको गम्भीर आंकलन गऱ्यो।

"अब हामीले नयाँ ढंगले चल्न सक्नुपर्छ।" अर्को सहयोगीले रंगध्वजलाई आफ्नो रणनीति परिवर्तन गर्ने सल्लाह दियो।

उसले रंगध्वजको कानमा सुटुक्क केही कुरा फुस्फुसायो। एकछिन अघिल्तिर अँध्यारो पोतिएको रंगध्वजको अनुहारमा फेरि उज्यालोको किरण पोखियो।

रंगध्वज टाउको हल्लाउँदै विस्तारै उठ्यो। र सहयोगीहरूलाई लिएर फेरि गल्लीको अर्को दिशातिर अलप भयो।

"आज राति फ्रस्टेड बौलाहा मरेछ!" रेडियोले प्रसारण गरेको समाचारझैं यो खबर छिनभरमैं चारैतिर फैलियो। विहानै नुहाउन नदी किनारतिर जाने कोही मान्छेले उसको मृत्युको खबर एकांकानु मैदान हुँदै सारा बजार र वस्तीभरि फैलियो।

विहान उज्यालो हुनेबित्तिकै फ्रस्टेड बौलाहाको मृत्यु बजारवासीहरूका लागि असामान्य समाचार बन्यो। धेरैले 'होइन होला' भनेर शंका व्यक्त गरे। बजारका प्रायः सबै मानिसहरूको अनुहारमा चिन्ताका धर्साहरू देखिए। रंगध्वज र उसका केही सहयोगीहरू भने केही हतास भएजस्ता देखिन्थे। बौलाहाको मृत्युको जनचासोले झन् उनीहरूको हतासपन बढ्दै गयो। यी दुवै प्रतिक्रियाहरू त्यहाँ प्रष्टै देखिन्थे र बुझिन्थे।

फ्रस्टेड बौलाहाले आफूलाई फ्रष्टेड राजनीतिक कार्यकर्ता भनेर परिचय दिन्थ्यो। त्यसैले उसको नाम नै फ्रष्टेड बौलाहा भनेर परिचित बन्यो।

"मलाई फ्रस्टेड बौलाहा भने केही फरक पर्दैन!" सबैसँग ऊ हाँसेरै यसो भन्थ्यो।

सबैले बौलाहा भनिदिएर मात्र ऊ बौलाहा भयो। ऊ एक्लो थियो। राजनीति गऱ्यो, अविवाहित बस्यो। छयालीस सालको आन्दोलनपछि उसले आफ्नो बाटो भत्कियो भन्न थाल्यो। आफ्ना साथीहरूको सत्तामोहपछि उसले पार्टी छाडिदियो। केही समयपछि आफ्नो सम्पत्ति आफ्नै परिश्रमले खोलेको गाउँको विद्यालयलाई दियो र त्यही विद्यालयमा निःशुल्क पढाउन थाल्यो। त्यसपछि सबैले उसलाई बौलाहा भनिदिए। उसले मानिसहरूको भनाइलाई अस्वीकार गर्दै हिँडेन। वास्तवमा ऊ बौलाहा थियो कि थिएन, उसको मृत्युपश्चात्सम्म पनि रहस्यकै विषय बन्यो।

उसको तर्क गर्ने शैली बडो अचम्मको थियो। सत्य र न्यायको पक्षमा डटेर लाग्थ्यो। अन्यायी र शोषकहरूको ऊ हुर्मत लिन्थ्यो। बजारका जाली-फटाहाहरू ऊसँग त्राहीमाम हुन्थे। उनीहरू ऊसँग छलिएर हिँड्थे र अघि पर्ने साहसै गर्दैनथे।

विहान सबेरै बजार र टोलका मानिसहरू बौलाहाको लास हेर्न सुनकोशी बगरतिर दौडिए।

"यो मृत्यु स्वभाविक होइन!" उसको लासलाई हेर्नेबित्तिकै एकजनाले अर्कोको कानमा फुसफुसायो।

"स्वभाविक नभएको भनेको के?" अर्कोले सोध्यो।

"हत्या!" अर्कोले थप्यो।

"पक्कै हो!" त्यो मान्छे कन्भिन्स भयो।

"घाँटीमा डोरीले कसिएको निलडाम छ।" भीड अघिल्तिरबाट एउटा आवाज आयो।

त्यसपछि भीडमा फेरि मानिसको ठेलमठेल शुरु भयो।

"हत्या नै हो!" सबैको यही ठहर भयो।

"कसले, किन माऱ्यो?" भीडमा कसैले अर्को प्रश्न उठायो।

"यो पनि बुझ्न अप्ठ्यारो छ र!" एकजना विद्यार्थीको आक्रोश सुनियो।

"यहाँ ठूलो षडयन्त्र छ!" अर्को विद्यार्थीको स्वर चर्को भयो।

"यी बौलाहा हाम्रो समाजका मणि हुन्। सम्मानका साथ यिनको अन्त्येष्टि गर्नुपर्छ।" शिक्षक रामानन्दले विद्यार्थीहरूतिर फर्केर समर्थनको आग्रह गरे।

"पहिले पोष्टमार्टम गर्नुपर्छ।" फेरि अर्को मत सुनियो।

मानिसहरूको एउटा ठूलो समूह लास लिएर अस्पतालतिर गयो। अस्पताल वरिपरि मानिसहरूको ठूलो भीड लाग्यो। पोष्टमार्टममा षडयन्त्र हुनसक्ने त्रासले मानिसहरू खबरदारी गरिरहेका थिए।

अस्पतालमा भीड बढ्दै गएपछि केही मान्छेहरू बजार चोकको चियापसलमा झुम्मिए।

"त्यो मान्छे बौलाहा थिएन।" शिक्षक दिनानाथले चिन्तित मुद्रामा आफ्नो भनाइ राखे।

"बौलाहा थिएन भने उसको जीवन किन अस्वाभाविक थियो?" चियापसले एकाएक जिज्ञासु भयो।

"उसले आफ्नो आस्था र विचारलाई क्रियान्वयन गर्न सजिलो बनाउन त्यसो गरेको हुनसक्छ।" शिक्षक दिनानाथ फेरि गम्भीर देखिए।

"मलाई पनि यस्तै लागेको हो।" अघिसम्म शंका व्यक्त गर्ने पसले पनि आफ्नो विचारलाई परिवर्तन गर्दै थियो।

"बौलाएजस्तो नगरेको भए के हुन्थ्यो?" अर्को कर्मचारी फेरि जिज्ञासु देखिए।

"बौलाहाजस्तो अभिनय नगरेको भए उनी यति लामो समयसम्म बाँच्न पाउँदैनथे। माओवादीको आरोपमा उनलाई गिरफ्तार गर्दा उनलाई त्यतिबेला हत्या गर्न लागेको चर्चा चलेको थियो। बौलाहा भनिएर मात्र उनी त्यतिबेला बाँच्न सफल भए।" दिनानाथले स्पष्टीकरण दिए।

"आखिर बौलाएर पनि त बाँच्न पाएन नि!" कर्मचारीले नि आफ्नो जिज्ञासालाई खोतल्दै गयो।

"ऊ केका लागि बौलायो?" अर्को जिज्ञासा भीडमा फेरि कतैबाट आयो।

"सत्य र न्यायको कार्यान्वयन गर्न!" अर्को जवाफ भीडबाटै आयो।

"ऊ सत्य र न्यायको बिरुद्धमा कतै लाग्यो त?" चिया पसल्नी रुँलाजस्तो गरी।

"बौलाहा मरेकोमा यसलाई ठूलो चिन्ता परेजस्तो छ।" चियापसलेले आफ्नी स्वास्नीतिर फर्केर खिसिट्यूरी गऱ्यो।

"त्यो बौलाहा नभएको भए तिमी मलाई यसरी बस्न दिन्थ्यौं र? सम्झ त पुराना कुराहरू!" स्वास्नीले उसलाई वाल्ल पारी।

"त्यो बौलाहाले तँलाई के न्याय गऱ्यो?" पसलेले अँध्यारो मुख पार्दै प्रतिवाद गर्न खोज्यो।

"दाइजो नल्याएको निहुँमा तिमीले मलाई घरबाट निकाल्न खोजेको कुरो बिर्स्यौ?" पसलेलाई स्वास्नीले अतीतको घाउ देखाई।

"त्यसो भए त्यो बौलाहा तेरो भाग्य विधाता थियो होइन त?" पसले निधार खुम्च्याएर फेरि हाँस्यो।

"मलाई मात्र होइन, धेरै मानिसहरूलाई त्यसले न्याय दिलायो।" पसलेकी स्वास्नी फेरि संवेदित देखिई।

"मलाई न्याय चाहियो। म बौलाहा खोज्दै हिँडेकी!" एउटी वृद्ध महिला चोकमा आएर सबैको मुखतिर हेर्दै चिच्याइन्। सबैले एकपटक मुखामुख गरे।

अस्पतालबाट शवयात्रा गर्दै विशाल जुलुस यही चोकतिर आयो। सबैका आँखा जुलुसतिर टाँसिएका थिए।

घरमा आगो लागे छ। आगोको मुस्लो र धुँवाले आकासै छुन लाग्यो!" पसल्नीले सबैको ध्यान अर्कोतिर आकर्षित गरी।

"रंगध्वजको घरमा जुलुसले आगो लगाएजस्तो छ।" शिक्षक दिनानाथले परिस्थितिको अनुमान लगाए।

"त्यसको घरमा त आगो झोस्नै पर्थ्यो।" पसल्नीको प्रतिक्रिया झरिहाल्यो।

जुलुस त्यही चोकमा आएर रोकियो।

"यस ठाउँमा यतिका मान्छे मैले अहिलेसम्मै देखेकी थिइन्।" पसलेले अचम्म मानेर मानिसहरूको भीडतिर आँखा दौडायो।

"अब यस ठाउँमा फ्रस्टेड बौलाहा र शहीदको शालिक स्थापना गरिने छ।" चोकमा बनाइएको मंचमा चढेर उद्घोषक बोलिरहेको थियो।

"शवयात्रा अब फेरि शुरु हुन्छ।" मंचबाट कसैले अर्को जानकारी गरायो।

रंगध्वजको घर सल्किएर धुँवाको लप्का आकाशमा थेग्ला-थेग्लामा विभाजित भएर विलाइरहेको थियो।

"घर बलेको धुँवा त अरु धुँवाभन्दा बेग्लै हुँदो रहेछ।" मलामीहरू आकाशतिर फर्केर प्रतिक्रिया जनाइरहेका थिए।

# ध्यानको ज्ञान र साधना

■ इन्दुल के.सी.

### प्रारम्भ

नेपाली साहित्यका हजारौं पुस्तकहरू प्रकाशन भइसकेका छन्। उपन्यास, कथा, नाटक, कविता, नियात्रा आदि विषयमा विभिन्न लेखकहरूले विभिन्न विधामा लेखिएका पुस्तकहरू दिनहुँजसो प्रकाशित भइरहेका छन्। यस क्रममा मलाई जानकारी भएअनुसार श्री एस.पी. आसाज्यूले २६ ओटा पुस्तकहरू लेखी प्रकाशित गरिसक्नु भएको छ। प्रत्येक प्रकाशित पुस्तकहरूका भिन्ना भिन्नै विशेषता हुने गर्दछन्। एस.पी. आसाज्यूले लेख्नुभएको "छयास्मिस" नामको पुस्तकमा रहेको 'ध्यानका अनेक प्रकार' शीर्षकको एउटा लेखमा म केन्द्रित हुन खोजिरहेको छु। एस.पी. आसाज्यू एक सुपरिचित लेखक हुनुहुन्छ भन्ने कुरा उहाँले लेख्नुभएका २६ ओटा पुस्तकका बारे हजारौं पाठकहरूलाई जानकारी भएको हुनुपर्छ। उहाँले लेख्नुभएका ती पुस्तकहरूको साथै स्वदेश तथा विदेशमा रहनुभएका विभिन्न लब्धप्रतिष्ठित विद्वान्हरूले श्री एस.पी.ज्यूको बारेमा लेखिएका आठ ओटा पुस्तकहरू पनि प्रकाशित भइसकेका रहेछन्।

मेरो यो लेख छयास्मिस पुस्तकको टुक्राटाक्री खण्डमा रहेको एउटा लेख 'ध्यानका अनेक प्रकार'मा सीमित हुन खोजेको छु।

### ध्यानका अनेक प्रकार

श्री एस.पी. आसाज्यूको त्यो पुस्तकको नाम नै छयासमिस रहेझैं त्यो लेखमा पनि ध्यानका अनेक प्रकाहरू पनि उहाँकै शब्दमा छयासमिस छ। तर मैले यसलाई छयास्मिस भन्नुभन्दा पनि पायस (खिर) भन्नु उचित ठानें। जसरी खिरमा दुध, चिनी, विभिन्न मसलाको रुपमा नरिवल, छोकडा, डाक, अलैंची, सुकुमेल आदि मिसाएर मिठो, स्वादिलो, पौष्टिक खाना तयार गरिन्छ, त्यसरी नै ध्यानका अति महत्ववपूर्ण कुराहरू समिश्रण गरी यो लेख तयार गर्नुभएको छ।

पूर्वीय आध्यात्मिक दर्शन, धर्मशास्त्र र महापुरूषहरूले ध्यानको बारे भन्नुभएका केही अंशहरू समावेश गरी एस.पी. आसाज्यूले त्यो सङ्क्षिप्त लेख तयार गर्नुभएको छ। उक्त लेखमा श्रीमद्भागवत, गीता, रजनीश, विपश्यनाका ध्यान, भावातीत ध्यान,



जैन धर्मको - शरीर ध्यान, योग शास्त्र - हठ योग, सूक्ष्म शरीर र स्थूल शरीर, षडचक्र, पिङ्गला, सुषुम्ना नाडी, ब्रह्मकुमारी राजयोगका अनेकौं ध्यानविधि, इस्कोनको हरेकृष्ण अभियान आदि कुराहरूका नामहरू उल्लेख गरिएका छन्। लेखक एस.पी. आसाज्यू स्वयम् भन्नुहुन्छ - "मैले जानेका छोटकरी परिचय गराएँ। यहाँ ज्ञानको भण्डार छ। अझ कैयौं लुप्त छन्। जुन तपस्वी र साधकले यो समाजमा फैलाउने छन्।"

छयास्मिस पुस्तकमा रहेको यो लेख नै छयास्मिसको एउटा नमुना जस्तो भन्ने लाग्छ। ध्यानको एउटा विशाल समुद्रलाई एस.पी. आसाज्यूले लोहोटामा भर्नुभएको देखिन्छ। ध्यानका बारे जान्न चाहने व्यक्तिहरूका लागि त्यो सङ्क्षिप्त लेखले ध्यान मार्गमा लाग्नेहरूका लागि मार्ग निर्देशन गर्नुभएको छ।

हाम्रा ६ ओटा वैदिक दर्शनहरूमा योगदर्शन पनि एउटा हो। भौतिक शरीरलाई र चैतन्य शरीरलाई ध्यानले जोड्छ। ज्ञानलाई आत्मासँग जोड्ने, द्रष्टा र दृश्यलाई जोड्ने गरिन्छ। यसरी ध्यानको चर्चा गर्दा योग दर्शनको कुरा आउँछ।

### ध्यानबारे अरू थप जानकारी

हाम्रा धर्म शास्त्रहरूमा उपनिषद्को विशेष स्थान छ। विभिन्न नामका १०८ ओटा उपनिषद्हरूमध्ये ध्यानको बारे चर्चा गर्दा (१) योग राजोपनिषद् (२) योग तङ्ववोपनिषद् (३) योग चूडामणि उपनिषद् (४) योग कुण्डली उपनिषद् (५) ध्यान विन्दू उपनिषद्हरूको अध्ययन पनि उपयोगी हुन्छ। यी कुराहरू एस.पी. आसाज्यूले यस पुस्तकमा उल्लेख गर्नुनभए तापनि उपनिषद्का सार कुरालाई छयास्मिस रुपमा राख्नुभएको देखिन्छ। यसैले प्रसङ्गवश मैले उल्लिखित पाँच उपनिषद्हरूको नाम जिज्ञासु पाठकका लागि उपयोगी हुने ठानी यहाँ उल्लेख गरें।

### १) रजनीश

ओशो रजनीशज्यूको नाम पनि एस.पी. आसाज्यूले उक्त लेखमा उल्लेख गर्नुभएको छ। वास्तवमा ओशो रजनीशज्यूले ध्यानलाई वैज्ञानिक रुपले चर्चा गर्नुभएको पाइन्छ। उहाँले ध्यानका २१ ओटा सक्रिय विधिहरू, २१ ओटा निष्क्रिय विधिहरू पनि हामीलाई प्रदान गर्नुभएको छ।

### २) विपश्यना

प्रसङ्गवश एस.पी. आसाज्यूले बुद्धको विपश्यना ध्यानको नाम पनि उल्लेख गर्नुभएको छ। शान्त, मौन भई आन पान - केवल श्वासको गति हाम्रो नाकको प्वालबाट प्रवेश गराउने र निष्काशन गर्ने कुरालाई केन्द्रित गरी गरिने क्रियालाई विपश्यना ध्यान भन्ने गरिन्छ।

### अन्तमा

पतञ्जलि ऋषिले अष्टाङ्ग योगको प्रतिपादन गर्नुभएको हो। अष्टाङ्ग योगका आठ ओटा अङ्गहरूमध्ये ध्यान पनि एक अङ्ग हो। ध्यानको सैद्धान्तिक पक्षको ज्ञान र उक्त ज्ञानलाई प्रयोगका रुपमा गरिने क्रिया नै साधना हो। यस साधनाले ब्रह्मतत्वको साक्षात्कार हुने बताइन्छ। ध्यानको बारे चर्चा गर्दा (१) शिव सङ्हिता (२) घेरेन्द्र सङ्हिता (३) पतञ्जलि ऋषिले देखाउनुभएको अष्टाङ्गयोग (४) खप्तड स्वामीज्यूको धर्मविज्ञान पुस्तक (५) स्वामी श्री विशुद्धदेवज्यूले रचना गर्नुभएको चरित्र विज्ञान पुस्तक (६) महात्मा सुशीलज्यूले लेख्नुभएको पाशुपत योग पुस्तक इत्यादिले दिएको ज्ञान हासिल गर्नु उपयोगी हुन्छ। पुस्तक मात्र पढेर ज्ञान आर्जन गर्नुभन्दा ध्यानलाई स्वयम्ले प्रयोग गरी - साधनाद्वारा यसबाट पाइने फाइदा प्राप्त गर्नु अति उपयोगी हुन्छ।

आसा प्रकाशन केन्द्रबाट प्रकाशित यो छयास्मिस पुस्तक नेपाली साहित्यका अनुरागीहरू तथा ध्यानका मुमुक्षीहरूको लागि ज्यादै उपयोगी पुस्तक सङ्ग्रहणीय भएको मैले पाएँ।

स्वास्थ्य

# प्लास्टिकभन्दा सिसा हानिकारक

खानेकुरालाइ दीर्घरूपमा राख्नका लागि सिसाको प्रयोग हाल पनि उत्तिकै छ। सिसाको गुणस्तर, शुद्धता र स्थायित्वलाई असर नगरी यसलाई असीमित रूपमा पुनर्प्रयोग गर्न मिल्छ। फुटेका सिसाको धुलो बनाएर त्यसलाई पगालेर फेरि बोतल वा अन्य भाँडा बनाउन सकिन्छ। सिसाको पुनर्प्रयोग दर अन्य सामग्रीको भन्दै धेरै छ। युरोपमा सिसाको पुनर्प्रयोग दर ७६ प्रतिशत छ भने प्लास्टिकको ४१ र काठको ३१ प्रतिशत छ।

ग्लासले प्लास्टिकभन्दा कम नै प्रदूषण गर्छ। प्लास्टिकका स-साना अवशेष माटोमा मिसिएमा त्यसले माटोलाई असर गर्छ भने सिसाले कुनै असर पुऱ्याउँदैन। यस कारणले पनि सिसालाई प्लास्टिकभन्दा दीगो मानिन्छ।

यद्यपि सिसाको लागि आवश्यक पदार्थ सिलिका संकलनका लागि जथाभावी उत्खनन भएमा यसले वातावरणमा नकरात्मक प्रभाव पार्छ। सिलिकाको खानी उत्खनन जथाभावी उत्खनन भएमा वातावरणमा असर पुऱ्याउनुका साथै जैविक विविधतामा असर पुऱ्याउँछ।

सिलिका खानीमा काम गर्ने मजदुरहरूको आधारभूत मानवअधिकारको उल्लंघन भएको पाइन्छ। भारतको शंकरागरमा यस्तो भेटिएको हो। अध्ययनका अनुसार सिलिकाको धुलो मानव शरीरमा पसेमा यसले स्वास्थमा नकरात्मक असर पुऱ्याउँछ। यसले फोक्सोमा असर पुऱ्याउने भएकाले श्वासप्रश्वासको समस्या देखिन्छ।

सिलिकाका लागि बालुवा खानी उत्खननले हाल गुणस्तरयुक्त बालुवाको समेत अभाव हुँदै गएको छ। पानी पछि सबैभन्दा धेरै उपयोग हुने प्राकृतिक बस्तुमा बालुवा नै पर्छ। हरेक वर्ष विश्वमा ५० अर्ब टनभन्दा बढी बालुवाको प्रयोग हुँदै आएको छ। माइक्रोचिप्सका लागि आवश्यक पदार्थ खोज्न देखि घर तथा पूर्वाधार निर्माणमा बालुवाको प्रयोग हुँदै आएको छ। राष्ट्रसंघका अनुसार बालुवाको प्रयोग आवश्यकताभन्दा अत्यधिक छ।

सिसा पग्लिनका लागि अल्मुनियम वा प्लास्टिभन्दा धेरै तापको आवश्यकता हुन्छ। नयाँ सिसा बनाउनेक्रममा अत्यधिक कार्बन उत्सर्जन पनि हुन्छ। अन्तर्राष्ट्रिय ऊर्जा संस्थाका अनुसार सिसा उद्योगले वार्षिक करिब ६० मेगाटनभन्दा बढी कार्बनडाइअक्साइड उत्सर्जन गर्छन्। ब्रुक नाम संस्थाको अध्ययन अनुसार सिसाको भाँडा भन्दा प्लास्टिकको भाँडाले वातावरणलाई कम प्रभाव पारेका छन्। प्लास्टिकलाई धेरै पुनर्प्रयोग गर्न नसके पनि सिसाको उत्पादनको प्रक्रियासँग तुलना गर्दा वातावरणमा प्लास्टिकको भन्दा सिसाको हानी बढी देखिएको हो।



सिसालाई पगाल्नका लागि १५०० डिग्री सेल्सियसको तापक्रम आवश्यकता पर्छ। पगालेपछि त्यसलाई आवश्यकता अनुसारको आकार दिइन्छ। नयाँ भाँडा बनाउने क्रममा पुराना सिसाको धूलो प्रयोग गरिन्छ। यसले ऊर्जा खपतलाई २ देखि ३ प्रतिशतले कमी ल्याउँछ। पुराना सिसाको धुलो प्रयोग गर्दा कम तापक्रममा पनि सिसालाई पगाल्न सकिन्छ। यसले कार्बन उत्सर्जनमा पनि कमी ल्याउँछ। सिसाको पुनर्प्रयोगका लागि त्यसलाई पगाल्नु अनिवार्य भएकाले ऊर्जाको प्रयोग पनि अत्यधिक हुन्छ भने कार्बन उत्सर्जन पनि बढी नै हुन्छ। एउटा सिसाको भाँडोलाई १२ देखि २० पटकसम्म पुनर्प्रयोग गर्न सकिन्छ।

सिसाको रंगले पनि त्यसको पुनर्प्रयोगमा असर गर्छ। उदाहरणका लागि हरियो सिसा ९५ प्रतिशतसम्म पुनर्प्रयोग गर्न मिल्छ भने रंगरहित सिसाहरू ६० प्रतिशतसम्म मात्रै पुनर्प्रयोगमा प्रसोधन गर्न सकिन्छ। पुनर्प्रयोगमा आउन सिसाहरूलाई दुईपटक पगाल्नुपर्छ। एकपटक धुलोलाई र अर्कोपटक त्यसलाई आकार दिनका लागि। तर नयाँ सिसाबाट भाँडा बनाउनुभन्दा पुरानो सीसाको धुलोबाट भाँडा बनाउन कम उर्जा खपत हुन्छ।

धेरै उद्योगमा सिसाले महत्वपूर्ण योगदान पुऱ्याएकोमा कुनै सन्देह छैन। यसको स्थायित्व र हानिकारिक पदार्थ नहुने भएकाले खाद्य सामग्री लामो समय राख्नका लागि सिसा आवश्यकनै छ। तर सिसालाई असीमित रूपमा प्रयोग गर्ने मिल्ने भएकाले यसले वातावरणलाइ हानी नगर्ने भाष्य भने गलत छ। पुनर्प्रयोगको विधिलाइ हेर्ने हो भने सिसाले प्लास्टिक जत्तिकै हानी पुऱ्याइरहेको छ। *-बीबीसीबाट*

# आपराधिक गिरोहको प्रभावमा मेक्सिको



विष्णु भट्टराई





३ मेमा मेक्सिकोले ड्रग्स कार्टेलले सिन्थेटिक ड्रग्स (लागुऔषध) बनाउन प्रयोग गर्ने रसायनको आयातमा कडा नियन्त्रण लागू गर्ने कानुन ल्यायो। यो कानुनलाई कठोर फौजदारी दण्ड संहिताको सहयोग छ। यसलाई मुलुकका आपराधिक गिरोहको सामना गर्न आलटाल गरिरहेका मेक्सिकोका पपुलिस्ट राष्ट्रपति आन्द्रेस म्यानुएल लोपेज ओब्रादोरको आश्चर्यजनक कदमका रूपमा हेरिएको छ। उनी देशमा व्याप्त पारिवारिक विघटन र गरिबीका लागि लागुऔषध र अव्यवस्थालाई दोष दिन रुचाउँछन्। वास्तवमा, उनको कार्यकालमा आपराधिक गिरोह थप शक्तिशाली मात्रै भएका छैनन्, उनीहरूको विविधीकरण पनि भएको छ।

मेक्सिकोका तस्करले सधैँ नै आफूलाई परिस्थितिअनुसार ढाल्ने गरेका छन्। सन् १९८० को दशकमा तिनले कोलम्बियाबाट संयुक्त राज्य अमेरिकामा गाजा र त्यसपछि कोकिन तस्करी गरे। तर, गत दशकमा तिनले आफूहरूलाई विभिन्न समूहमा रूपान्तरित गरेका छन्। उनीहरूको जालो लागुपदार्थको व्यापारभन्दा बाहिर फिरौती, मानव तस्करी, हतियार-बिक्री र अवैध खननलगायत विस्तारित भएको छ। स्विट्जरल्यान्डस्थित गैरसरकारी संस्था 'ग्लोबल इनिसियटिभ अगेन्स्ट ट्रान्सनेसनल अर्गनाइज्ड क्राइम'का रोमेन ले कोर ग्रान्डमाइसन भन्छन्, 'हामी संगठित अपराधको प्रवृत्तिलाई लागुपदार्थ तस्करीको लेन्सबाट हेर्छौं, जबकि आज मेक्सिकोमा हामीमाझ माफियाजस्तो आपराधिक परिदृश्य विद्यमान छ।'

तथापि, अमेरिकाको लागुऔषधविरुद्धको युद्धको दबाबले मात्र होइन, मेक्सिको सरकारले लागुपदार्थलाई नै केन्द्रमा राखेर प्रतिक्रिया जनाउन थालेको छ। सरकारमाथिको दबाब दुखाइ कम गर्ने औषधि 'फेन्टानिल'को पछिल्लो संकटसँगै बढेको हो। अमेरिकी ड्रग इन्फोर्समेन्ट एडमिनिस्ट्रेसन (डिइए)का प्रमुखले गत महिना मेक्सिकोका दुई ठूला ड्रग्स तस्कर समूह 'सिनालोआ कार्टेल' र 'जालिस्को न्यु जेनेरेसन कार्टेल (सिजेएनजी)'लाई 'देशका सबैभन्दा ठूला लागुऔषध खतरा'का रूपमा वर्णन गरेका थिए।

मुख्यतः यी दुई गिरोहको आम्दानीको सबैभन्दा ठूलो स्रोत लागुऔषध रहेको छ। संयुक्त राष्ट्रसंघको लागुऔषध तथा अपराधसम्बन्धी कार्यालयका अनुसार दक्षिण अमेरिकामा खेती गरिने र मेक्सिको हुँदै तस्करी हुने कोकिनको उत्पादन सन् २०१४ यता दोब्बरभन्दा बढीले वृद्धि भएको छ। स्थानीय बजारमा बिक्री हुने 'मेथाम्फेटामाइन' र अमेरिका तस्करी गरिने फेन्टानिलजस्ता लागुऔषधले यो व्यवसायलाई एकदमै आकर्षक बनाएको छ। ड्रग्स कार्टेल समूह 'सिनालोआ कार्टेल'का प्रमुख 'एल चापो' भनेर चिनिने वाकिन गुज्मान अहिले कोलोराडोको जेलमा कैद छन्। गुज्मान पक्राउ परेपछि उन छोराहरूले उनको कार्टेलको नेतृत्व गरे। गुज्मानका एक छोरासमेत पक्राउ परेपछि उनीविरुद्ध गत अप्रिलदेखि अमेरिकामा लागुऔषध तस्करीको मुद्दा दायर भएको छ। यसले पनि लागुऔषध व्यापारको फैलिँदो आकारबारे प्रकाश पार्छ।

डिइएका अनुसार मेक्सिकोमा लागुऔषधको एक चक्की बनाउन १० सेन्ट लाग्छ, जुन थोक व्यापारीलाई ५० सेन्टमा बेच्न सकिन्छ। गाजा वा कोकिनको विपरीत विभिन्न रसायनको प्रयोग गरेर बनाइने यस्ता ड्रग्सको खेती गर्न विशाल जमिनको पनि आवश्यक पर्दैन। आवश्यक रसायन चीनबाट मेक्सिकन विमानस्थल वा बन्दरगाहमार्फत आयात गरिन्छ। चक्की बनाएर बजारमा पठाउनुअघि गिरोहहरूले ती रसायन प्रयोगशाला वा उत्तरी राज्यका परिवारका भान्सामा लगेर थन्क्याउँछन्। सिनालोआ कार्टेलको आम्दानीको ४० प्रतिशत हिस्सा ड्रग्सले ओगट्ने एक अधिकारीको अनुमान छ।

### गिरोहको विविधीकरण

विभिन्न कारणले गिरोहहरू विविधीकरण भएका छन्। 'मेक्सिकनहरूले भनेजस्तै 'एल नार्को' सबै थोक विनाश गरिदिने राक्षस नै हो,' लेखक इआन ग्रिलोले भने। पहिलो त सरकारको आधिकारिक नीतिले नै यो समस्यालाई थप चर्कायो। तत्कालीन राष्ट्रपति फेलिपे काल्ड्रोनले सन् २००६ मा लागुऔषधविरुद्धको युद्ध सुरुआत गरेपछि आपराधिक गिरोहहरू विभिन्न समूहमा बाढिए र थप विस्तारित भए।

ब्रसेल्सस्थित थिंक ट्यांक इन्टरनेसनल क्राइसिस ग्रुप (आइसिजी)का अनुसार मेक्सिकोमा सन् २०१० मा ७६ वटा आपराधिक गिरोह रहेकोमा सन् २०२० सम्ममा यो संख्या बढेर २०० भन्दा बढी पुगेको छ। तर, यी सबै समूहसँग तस्करी गर्ने र लागुपदार्थ बनाउने सामर्थ्य छैन। डिइएका अनुसार मेक्सिकोमा लागुऔषध-तस्करका नौवटा ठूला समूहसँग मात्र यस्तो क्षमता रहेको छ।

मेक्सिकोको सुस्त आर्थिक वृद्धिपछाडि आपराधिक समूहको असुली धन्दाले पनि भूमिका खेलेको मानिन्छ। साना व्यवसाय गिरोहलाई पैसा बुझाउनुपर्ने भएकाले आफूलाई ठूलो हुने गरी विस्तार नै गर्न चाहँदैनन्।

दोस्रो कारण हो लोपेज ओब्राडोरको सुरक्षा नीति। उनले गिरोहहरूलाई विस्तार हुन ठाउँ दिए। 'अब्रजोस नो बालाजोस (गोली होइन, आलिंगन)' भनिने उनको नीतिले विद्यमान गिरोहहरूको सामना गर्नै खोज्दैन। 'यसले एक दशकअघि सुरु भएका आपराधिक समूहलाई औपचारिक अर्थ व्यवस्थाभित्र नै विस्तारित हुने ठाउँ दियो,' अमेरिकी थिंक ट्यांक ब्रुकिंग्स इन्स्टिच्युसनकी भान्डा फेल्फाब-ब्राउन भन्छिन्। 'आपराधिक गिरोहको लागुऔषधपछि आम्दानीको अर्को ठूलो स्रोत निःसन्देह फिरौती असुली हो,' लान्टिया इन्टेलिजेन्स नामक परामर्शदाता कम्पनीकी एडुआर्डो गुरेरोले भने। यी समूहले सबैबाट पैसा असुल्छन्, चाहे ती ठेला व्यापारी हुन वा तीर्थयात्री। उनीहरूलाई हप्ता बुझाउन सबै बाध्य छन्। धार्मिक यात्रा इस्टरको जुलुसमा सहभागी हुनसमेत मानिसहरू पैसा दिन बाध्य भए। सन् २०२२ मा अवैध असुलीको गुनासो दर्ताको संख्या पाँच वर्षपहिलेको तुलनामा लगभग दोब्बरले बढी थियो।

तथापि, सबैभन्दा ठूलो पैसा कृषि र खानीजस्ता क्षेत्रका व्यवसायको असुलीबाट आउँछ। मेक्सिकोको हरियो सुन भनिने एभोकाडो यसको राम्रो उदाहरण हो। मेक्सिकोले विश्वमा लगभग एकतिहाइ एभोकाडो आपूर्ति गर्छ, जसमध्ये अधिकांश एभोकाडोको खेती पश्चिमी राज्य मिचोआकानमा गरिन्छ। 'यो गिरोह खेतको आकारको डेटासहित आउँछ र मूल्य बढाउनका लागि स्टक होल्ड गर्न अह्राउँछ,' एक किसानले भने।

मानव तस्करी आयको अर्को क्षेत्र हो। सीमामा कडाइ हुँदै गर्दा सीमापार गर्न खोज्नेहरूको संख्यामा भने वृद्धि भयो। यसका लागि तिर्नुपर्ने पैसामा पनि भारी वृद्धि भयो। गिरोहहरूले आप्रवासीलाई अपहरण गरेर तिनका अमेरिका वा अन्यत्र रहेका नातेदारबाट पैसा असुल्ने धन्दा पनि चलाउने गरेका छन्। मेक्सिकोको अध्यागमन निकायले गत वर्ष अपहरणमा परेका दुई हजारभन्दा बढी आप्रवासीलाई मुक्त गरेको थियो। यसरी अपहरणमा पर्ने कैयौँ त कहिल्यै भेटिँदैनन।

यसबीच, मेक्सिकोमा हरेक दिन हराउने २५ जनामध्ये १२ देखि १५ वर्षका किशोरीको संख्या बढ्दो छ, जसमध्ये धेरैलाई वेश्यावृत्तिमा लगाइने गरिएको छ। यसैगरी, मेक्सिकोमा बन्दुकमा कडाइ गरिएको भए पनि गिरोहहरूले अमेरिकाबाट बन्दुक तस्करी गर्ने गर्छन्। ग्लोबल इनिसियटिभ अगेन्स्ट ट्रान्सनेसनल अर्गनाइज्ड क्राइम प्राकृतिक स्रोतको ओसारपसार अर्को आकर्षक क्षेत्र भएको बताउँछ। सन् २०१४ मा मेक्सिकोको सरकारले पहिलोपटक गिरोहहरूले मिचोआकानमा अवैध फलामखानीहरू सञ्चालन गरिरहेको र प्राकृतिक स्रोतहरूको तस्करी गर्ने गरेको स्विकारेको थियो।

इलाका नै कब्जा गर्ने प्रवृत्तिका कारण हिंसामा वृद्धि भएको छ। ठूलो परिमाणमा लागुपदार्थको तस्करी गर्न गिरोहहरूले इलाका नै कब्जा गर्न खोज्दा देशभर हिंसात्मक झडप बढेका छन्। विशेषगरी मिचोआकानमा उनीहरू बढी नै उग्र छन्, जहाँ कम्तीमा ३५ समूह स्रोत-साधनमा कब्जाका लागि प्रतिस्पर्धा गर्छन्। अहिले उनीहरूले लागुपदार्थको व्यापारबाट प्राप्त आम्दानीबाट सेनासरह हतियार प्रयोग गर्न थालेका छन्। मेक्सिकोमा हत्याको आँकडा डरलाग्दो छ। सन् २०२१-२०२२ को बीचमा हत्याका घटनामा सात प्रतिशतले कमी आएको देखिन्छ। तर, यति हुँदा पनि सन् २०२२ मा ३१ हजारको हत्या भयो। बेपत्ता हुनेको संख्या भने बढेको छ, जसमध्ये अधिकांशलाई लाससमेत नभेट्टाउने गरी बेपत्ता बनाइएको छ।





'विगतमा गिरोहहरू अवैध अर्थतन्त्रमा मात्र संलग्न हुने गर्थे, तर आज हरेक नागरिक र व्यवसाय उनीहरूको नियन्त्रणमा पुगेका छन्,' फेलबाब-ब्राउन भन्छिन्।

वर्तमान राष्ट्रपतिको कार्यकालमा सुरक्षा र भ्रष्टाचारप्रति सामान्यतः निष्क्रियता नै देखिएको छ। यसले दोस्रो परिणाम निम्त्याएको छ- राज्यभित्र भ्रष्टाचार गहिर्‍याएको छ। यसले गिरोहहरूलाई थप विविधीकरण हुन अनुमति दिएको छ। अधिकारीहरूले जहिले पनि संगठित अपराधसँग सम्झौता गरेका छन्।

लोकतान्त्रीकरण र शक्तिको विकेन्द्रीकरणले शक्ति सन्तुलनलाई अपराधीहरूको पक्षमा झुकाएको छ। आपराधिक समूहहरूको स्थानीय प्रहरी, मेयर र राजनीतिज्ञहरूसँग बलियो साँठगाँठ देखिन्छ। यसले उनीहरूलाई सडक र अन्य पूर्वाधार निर्माणका सरकारी ठेक्काहरू हत्याउन सघाएको छ। चिन्ता त के भने गिरोहहरूले चुनावमा अभूतपूर्व प्रभाव देखाउन थालेका छन्। सन् २०२१ को मध्यावधि अघि करिब ४० उम्मेदवारलाई यी गिरोहले मारेका थिए।

गिरोहले व्यवसाय र समाजमा पनि व्यापक प्रभाव पारिरहेका छन्। टेक डी मोन्टेरी विश्वविद्यालयकी टेरेसा मार्टिनेज केही फर्म आफ्नो सुरक्षाका लागि यी समूहको शरण लिनुको विकल्पै देख्दैनन् भन्छिन्। मेक्सिकोको सुस्त आर्थिक वृद्धिको एउटा कारण गिरोहहरूको असुली धन्दा पनि हो। साना व्यवसाय गिरोहहरूलाई पैसा बुझाउनुपर्ने भएकाले आफूलाई ठूलो हुने गरी विस्तार नै गर्न चाहँदैनन्।

मेक्सिकोमा गिरोहहरूको यति विस्तार भएको छ कि यसलाई 'आपत्काल' नै भन्न थालिएको छ। निःसन्देह गिरोहहरूका उत्परिवर्तनले तिनको सामनालाई कठिन बनाउँछ। यसका लागि व्यापक राष्ट्रिय पहलको खाँचो छ। भ्रष्टाचारलाई निर्मूल पार्ने, क्रियाशील न्याय प्रणाली सिर्जना गर्ने अनि राज्यको आम्दानीलाई पुनः स्थापित गर्ने (साथै संयुक्त राज्य अमेरिकामा हुने लागुपदार्थको खपतलाई पनि सम्बोधन गर्ने) जस्ता पहलकदमीको खाँचो छ। तर, फेन्टानिलले पुर्‍याएको क्षतिसँगै अमेरिका र मेक्सिकोले लागुपदार्थ नियन्त्रणमा खासै ध्यान नदिइरहेकाले यसमा परिवर्तनको सम्भावना कम देखिन्छ।

*(एजेन्सीहरूको सहयोगमा)*

# रूसी राष्ट्रपति पुटिनविरुद्ध रचिएका हत्या-प्रयासको इतिहास

युक्रेनले प्रक्षेपण गरेका दुईवटा ड्रोनलाई बुधबार खसालिदिएको बताउँदै क्रेमलिनले किभबाट राष्ट्रपति भ्लादिमिर पुटिनको हत्या-प्रयास भएको दाबी गर्‍यो। यद्यपि, रुसी दाबीलाई युक्रेनले ठाडै अस्वीकार गरेको छ। आक्रमणलाई 'अतिवादी हमला'को संज्ञा दिँदै रुसले आफूले चाहेको स्थान र समयमा प्रतिकार गर्ने चेतावनीसमेत दिएको छ।

राष्ट्रपति कार्यालयलाई क्षति पुर्‍याउने उद्देश्यले रातिको समयमा ड्रोन हमला भएको क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले दाबी गरेका छन्। तर, उक्त घटनामा कसैको पनि हताहती भएको छैन र घाइते पनि कोही भएका थिएनन्। आक्रमणको समयमा पुटिन मस्कोबाहिर आफ्नो नोभो ओगारोभो निवासमा रहेको पनि प्रवक्ताले बताएका छन्।

बुधबारको आक्रमण पुटिनलाई निसाना बनाइएको पछिल्लो प्रयास भएको र पुटिन यसअघि हत्याका पाँचवटा प्रयासमा बच्न सफल भएको क्रेमलिनको भनाइ छ। सन् २०२२ को मेमा युक्रेनका सैन्य गुप्तचर प्रमुख मेजर जनरल किरिलो बुडानोभले रुसी राष्ट्रपतिको हत्याको असफल प्रयास भएको बताएका थिए। रुसले गत वर्षको फेब्रुअरी २४ बाट युक्रेनमा आक्रमण थालेको केही समयपछि कृष्ण सागर र क्यास्पियन सागरको बीचमा पर्ने ककेसस क्षेत्रमा पुटिनमाथि आक्रमण प्रयास भएको जनरल बुडानोभले युक्रेनको अनलाइन समाचार संस्था युकरेन्स्का प्रभदालाई बताएका थिए।

त्यस्तै, सन् २०१२ मा रुसी र युक्रेनी सुरक्षा सेवाहरूले राष्ट्रपति चुनावअघि पुटिनको हत्या गर्ने षड्यन्त्रलाई विफल पारेको युक्रेनको प्रति गुप्तचर निकायका अधिकारीलाई उद्धृत गर्दै बिबिसीले लेखेको थियो। यो घटनाको सम्बन्धमा दुई व्यक्तिलाई पक्राउ गरिएको थियो। बिबिसीका अनुसार तीमध्ये एक ओडेसाको ब्ल्याक सी पोर्टबाट समातिएका थिए। अन्तर्राष्ट्रिय खोजी सूचीमा रहेका दोस्रा व्यक्ति भने त्यसको एक महिनापछि पक्राउ परेका थिए।

यसैगरी, बेलायती अखबार द सन्डे टाइम्सको रिपोर्टअनुसार सन् २००३ मा बेलायतको आतंकवादविरोधी प्रहरीले अक्टोबरको भ्रमणका क्रममा पुटिनको हत्याको षड्यन्त्रलाई विफल पारेको थियो। षड्यन्त्रमा संलग्न भएको आरोपमा दुई व्यक्ति पक्राउ परेका थिए। तीमध्ये एकजना रुसी पूर्वगुप्तचर सेवाका तालिम प्राप्त बन्दुकधारी रहेको उक्त अखबारको दाबी छ। अखबारका अनुसार उनले पुटिनलाई टाढैबाट लुकेर गोली हान्ने योजना बनाएका थिए।

सन् २००२ मा पनि पुटिनको अजरबैजानको राजकीय भ्रमणको क्रममा एक इराकीलाई उनको हत्याको षड्यन्त्र गरेको आरोपमा पक्राउ गरिएको थियो। न्युजडटकमडटएयूको रिपोर्टअनुसार ती व्यक्तिले सन् २००२ को जनवरीमा अफगानिस्तानी र चेचेन विद्रोहीसँगको सहयोगमा पुटिन हत्याको षड्यन्त्र रचेका थिए। तर, उनलाई आक्रमणलाई आकार दिनुअघि नै गिरफ्तार गरियो र हत्याको षड्यन्त्र रचेको आरोपमा १० वर्षको जेल सजाय सुनाइयो।

त्यसैगरी सन् २००२ को अन्तताका नै रुसी अधिकारीले पुटिनको कारलाई निसाना बनाएर उनको हत्या गर्ने रचिएको अर्को षड्यन्त्रबारे खुलासा गरेका थिए। राष्ट्रपति पुटिनलाई क्रेमलिननजिकैको बाटोमा सवारी चलाउने क्रममा हत्या गर्ने षड्यन्त्र रचिएको थियो। स्थानीय सञ्चार माध्यमका अनुसार आक्रमणकारीले सडकमा विस्फोट गराउन भनेर थुपारेका ४० किलोग्राम विस्फोटक पदार्थ जफत गरिएको थियो। सडकमा विस्फोटक पदार्थ बरामद भएपछि पुटिनको कारलाई अर्को रुटबाट सुरक्षित स्थानमा लगिएको थियो।

### पुटिनमाथि हमला गरेका छैनौँ : जेलेन्स्की



रुसले क्रेमलिनमा दुईटा ड्रोन खसालेको भन्दै युक्रेनले रुसी नेता भ्लादिमिर पुटिनको हत्याको प्रयास गरेको भनेर लगाएको आरोपलाई युक्रेनी राष्ट्रपति भ्लोदोमिर जेलेन्स्कीले ठाडै अस्वीकार गरेका छन्। 'हामीले पुटिनमाथि आक्रमण गरेका छैनौं। हामी हाम्रो भूमिमा नै लड्छौँ। हामी हाम्रो गाउँ र सहरहरूको रक्षा गरिरहेका छौँ,' जेलेन्स्कीले हेलसिन्कीमा नर्डिक नेताहरूसँगको पत्रकार सम्मेलनमा भने, 'हामी पुटिन वा मस्कोमाथि आक्रमण गर्दैनौं। हामीसँग यसका लागि पर्याप्त हतियार पनि छैन।'

*(एजेन्सीहरूको सहयोगमा)*

प्रेरक

## धैर्यको फल



जिसस क्राइस्ट आफ्ना शिष्य तथा सहयोगीसँगै विभिन्न स्थानको भ्रमण गरिरहन्थे। एकपटक उनी आफ्ना केही अनुयायीका साथमा एउटा गाउँको बाटो भएर गइरहेका थिए। बाटोको एउटा स्थानमा १०-१२ वटा ठिकै आकारका खाडल खनिएका थिए। त्यसरी ठाउँठाउँमा खाडल खनिएको देख्दा जिससका शिष्यहरूमा कौतूहल जाग्यो।

उनीहरूमा त्यहाँ खाडल खनिनुको कारण थाहा पाउन मन लाग्यो। अन्त्यमा, मनको खुल्दुली मेटाउन जिससका एक शिष्यले उनलाई सोधे, 'गुरुदेव, यो बाटोभरि ठाउँठाउँमा लगभग एकै आकार-प्रकारका खाडल खनिएको देखिन्छ। तर, यसरी यी खाडल खन्नुको कारणबारे भने केही पनि बुझ्न सकिएन। हजुरले नै यसको कारणबारे प्रस्ट पारिदिनुप(यो।'

आफ्ना शिष्यको जिज्ञासा सुनेपछि जिसस एकैछिन गम्भीर भए र भने, 'कुनै एकजना मानिसले पानीको खोजीमा यहाँ यी खाल्डाहरू खनेको हो। एउटा खाल्डो खनेपछि उसले त्यसमा पानी भेटेन र पानी नभेटेपछि फेरि अर्को खाडल खन्यो। उसले कुनैमा पनि पानी भेट्न सकेन। त्यसपछि उसले अर्को फेरि अर्को गर्दै यसरी खाल्डैखाल्डा खन्यो।

यो सिलसिला लामै समय चलिरह्यो। तैपनि, उसले पानी भेट्टाएन। अन्ततः थाकेपछि उसले यो सिलसिला त्यागिदियो। त्यो मानिसमा धैर्य थिएन। उसले यति धेरै खाल्डो खन्नमा बढी श्रम र समय लगायो। बुद्धिमानीपूर्वक साराका सारा समय र श्रम एउटै खाल्डो खन्नमा लगाएको भए उसले अवश्यै पानी पाउने थियो। त्यसैले मानिसले हरेक काम धैर्यपूर्वक बुद्धि लगाएर गर्नुपर्छ। मान्छेले कुनै काम धैर्य र मन लगाएर गर्छ भने उसले परिश्रमको मिठो फल अवश्य पाउनेछ।'

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आफन्त वा परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन्। हल्लाको भरमा अरूको विश्वास गर्दा धोका हुनेछ। कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त भइनेछ। तत्काल फाइदा नहुने काममा समय बित्नेछ। दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम सम्पादन हुनेछ। परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ।

### वृष

हिम्मत गर्दा काम बन्नेछ। लगनशीलताले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। छोटो समयमा उपलब्धि हातलागी हुनेछ। स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। मिहिनेतले दैनिकीमा परिवर्तन आउनेछ। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ। उद्योग र व्यापारमा फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ।

### मिथुन

मान-सम्मान पाइने समय छ। बोलीको भरमा चिताएको काम बन्नेछ। विचारले धेरैलाई आकर्षण गर्ने समय छ। प्रशंसकहरू बढ्नेछन्। सहयोगीहरूले काममा साथ दिनेछन्। राम्रै फाइदाको योग छ। विगतको श्रमबाट प्रशस्त धन लाभ हुनेछ। रोकिएका काम सम्पादन हुनेछन्। पठन-पाठनमा प्रगति हुनेछ। विशेष समारोहमा सहभागी बन्ने मौका मिल्न सक्छ।

### कर्कट

प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला। विगतका कमीकमजोरीलाई पनि सुधार गर्ने मौका छ। नयाँ तथा रचनात्मक काम प्रारम्भ गर्ने समय छ।

### सिंह

समयमा होसियार बन्न नसक्दा खर्च बढ्नेछ। आकस्मिक समस्याले अर्थ अभाव देखापर्न सक्छ। बेलैमा होस नपुर्याउँदा केही चुनौती झेल्नुपर्ला। समयको प्रतिकूलताले काम बिग्रन सक्छ। लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउला। आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्। आवश्यक पर्दा शुभचिन्तकहरू समेत टाढा हुनेछन्।

### कन्या

काम बने पनि उठ्नुपर्ने रकम अड्किन सक्छ। नियमित काम तथा व्यवसायमा सामान्य फाइदा भइरहनेछ। सजग नहुँदा आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। परिश्रम परे पनि कम प्रतिफल प्राप्त हुनेछ। आवश्यकता पूरा गर्न सरसापट लिनुपर्ने हुन सक्छ। पछिका लागि लगानी गर्न सकिनेछ। भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ।

### तुला

तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। व्यापार बढ्नेछ। कृषि, पशुपालन तथा पेसा-व्यवसायमा लाभ हुनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने मौका छ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुनेछ।

### वृश्चिक

चुनौतीका बीच अवसर प्राप्त हुनेछ। प्रयत्न गर्दा नयाँ काम थालनी हुनेछ। सहयोगीहरूले साथ दिनेछन्। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। तर परिस्थितिवश फाइदा नहुने काममा अलमलिनुपर्ला। श्रम परे पनि कामको मूल्य प्राप्त हुनेछ। आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन्। जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि केही समय लाग्नेछ। आफन्त तथा मित्रजनबाट प्रशस्त सहयोग मिल्नेछ। सोचेको काम पूरा हुनेछ। लामो तथा छोटो दूरीको यात्रा हुनेछ।

### धनु

प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। आम्दानी रोकिनाले योजना स्थगन हुन सक्छ। लेनदेनको विवादले अप्ठ्यारो पर्न सक्छ। काम बिग्रने भयले सताउनेछ परिस्थितिले चुनौतीहरूसँग सम्झौता गराउन सक्छ। ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ। सानो कमजोरीले सुनिश्चित प्रतिफलसमेत हातपार्न नसकिएला।

### मकर

घुमफिर तथा मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। अतिथिका रूपमा सत्कार पाइनेछ। आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ। आँटेका काममा साथीभाइबाट सहयोग मिल्नेछ।

### कुम्भ

स्रोतसाधन जुट्नाले मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने नयाँ काम प्रारम्भ हुनेछ। रोकिएका काम बन्नाले काममा उत्साह जाग्नेछ। मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ।

### मीन

अस्वस्थताले काममा बाधा पुग्न सक्छ। साथ दिनेहरू नहुँदा आफैं काममा जुट्नुपर्ला। कमजोर विकल्प अँगाल्नाले ताकेको मौका गुम्न सक्छ। व्यापार तथा आर्थिक गतिविधिमा मन्दी आउनेछ। अप्ठ्यारा परिस्थिति सुल्झाउन केही समय लाग्न सक्छ। चिताएका काम बिस्तारै भए पनि सम्पादन हुनेछन्। गुरुजनको मार्गदर्शन र मिहिनेतले मात्र अध्ययन राम्रो हुनेछ। विवाह बन्धनमा बाँधिने योग छ। मित्रजनबाट सहयोग मिल्नेछ।

# सैनिक शासनको लागि काठमाडौंमा पाञ्चायन पूजा

**राकेशकुमार शर्मा**

केही नेताहरू र सांसदहरूबाट भएको मानव तस्करी कार्यले नेपालीहरूको स्वाभिमानमा आँच आएको छ। सेना आउ देश बचाउ। अब मुलुकमा तत्काल सैनिक शासन अपरिहार्य। म प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र विरोधी भने होइन। मुलुकमा नेताहरू र सांसदहरूबाट नै प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको व्यापक दुरुपयोग भएको छ। नेताहरू र सांसदहरूबाट मुलुकले आजसम्म निकास पाएन। नेताहरूको कारण मुलुक संकटमा परेको छ। नेताहरूबाट र वर्तमान व्यवस्थाले मुलुकमा निकास आउँदैन। मुलुकको अन्तिम विकल्प भनेको नै सैनिक शासन हो। सेना आउ देश बचाउ। मुलुकको नेताहरूमा विश्वसनीयता देखिएन। केही नेताहरू र सांसदहरूबाट भएको मानव तस्करी कार्यले नेपालीहरूको स्वाभिमानमा आँच आएको छ। सेना आउ देश बचाउ।

अब मुलुकमा तत्काल सैनिक शासन अपरिहार्य। सेना आउ देश बचाउ। सैनिक मुख्यालय जंगी अड्डा भद्रकाली जाउँ सेना आऊ देश बचाऊ भनौं। सेना आऊ देश बचाऊ भन्दै अब जनताहरू जताततै बाट सडकमा आउनुपर्ने र निस्कनुपर्ने भएको छ। मुलुकका केही नेताहरू र सांसदहरूले भुटानी शरणार्थीको नाममा नेपाली नागरिकहरूलाई बेचबिखन गर्ने कार्य गरे। यसप्रकार मुलुकमा केही नेताहरू र सांसदहरू बाट मानव तस्करीको धन्दा भएको छ। सेना आउ देश बचाउ। अब मुलुकमा तत्काल सैनिक शासन अपरिहार्य।

भुटानी शरणार्थीको नाममा नेपाली नागरिकहरूलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने काम गरे। सेना आउ देश बचाउ। हुँदाहुँदै नेताहरूले भुटानी शरणार्थीको नाममा मानव तस्करीको धन्दा गरी नेपाली नागरिकहरू बेचबिखन गर्ने कार्य गरे। सेना आउ देश बचाउ। नेपाली नागरिकहरूलाई शरणार्थी बनाई लाखौं मुल्यमा बेचेर पैसा कमाउन पल्केका जोसुकै भएपनी जघन्य अपराधी हुन। अब सेना आउ देश बचाउ। सेना आउ देश बचाउ। हाम्रो देश डुब्न लाग्यो सेनाहरू लौ न बचाई देऊ।

मुलुकको नेताहरू र सांसदहरूको चरीत्र कोही नेपाली नागरिकहरू बेच्ने, कोही भ्रष्टाचार गर्ने, कोही हत्याकाण्ड गर्ने, कोही सुन तस्करी गर्ने, कोही कालोबजारी गर्ने र कोही बलात्कार गर्ने आदि इत्यादि काण्डै काण्ड छन। अझै राजनीति पार्टीका कार्यकर्ता र दासहरूलाई हाम्रो नेताहरू र सांसदहरू भन्न लाज लागेको छैन। सेना आउ देश बचाउ।

सांसदहरू र नेताहरूको भ्रष्टाचार काण्डै काण्ड छन ओम्नि भ्रष्टाचार काण्ड, यति भ्रष्टाचार काण्ड, ७० करोड भ्रष्टाचार काण्ड, बालुवाटार (ललिता निवास काण्ड), नक्कलि लडाकु प्रकरण (क्यान्टोनमेन्ट काण्ड), सिसि टिभि फुटेज काण्ड, नेपाल स्टक एक्स्चेन्ज काण्ड, ढाका राम श्रेष्ठ को साडे २ करोड काण्ड, कृष्ण बहादुर महरा ५० करोड काण्ड, पुरानो वाइडबोडी विमानमा चार अर्ब पच्पन्न करोड भ्रष्टाचार काण्ड, नेपाल टेलिकम को फोर जी वी सेवा विस्तार ठेक्कामा १२ अर्ब भ्रष्टाचार काण्ड, बालुवाटारको सरकारी जग्गा बेचबिखन काण्ड, सेक्युरिटी प्रीन्टिग प्रेसमा अर्बौं रुपियाको भ्रष्टाचार काण्ड, कोरोना भाइरसको नाममा मेडिकल सामग्री खरिदमा मन्त्रीले डेढ अर्बको घोटाला भ्रष्टाचार काण्ड, कोरोना भाइरसको महामारीमा सुलभ अग्रवालले स्वास्थ्य सामग्रीमा कालोबजारी गरेको काण्ड, नेताहरूले भुकम्प आएको बेलामा पनि बाहिरी मुलुकहरूबाट आएको बिदेशी सहयोगहरू, सर सामानहरू र राहतहरूको व्यापक दुरुपयोग भएको काण्ड र ३३ किलो सुन तस्करी काण्ड यस्ता अर्बौं रुपियाको भ्रष्टाचार कति हो कति भनी साध्य छैन। प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक लक्ष्मण न्यौपानेसहित कैलालीको टीकापुरमा नौ जनाको हत्याकाण्ड, निर्मला पन्त बलात्कार काण्ड, अपहरण काण्ड र अब हुँदाहुँदै नेपाली नागरिकहरू बेचबिखन काण्ड (मानव तस्कर काण्ड) मुलुकमा भ्रष्टाचार काण्ड, हत्याकाण्ड, सुन तस्करी काण्ड, बलात्कार काण्ड, कालोबजारी गर्ने काण्ड र मानव तस्करी काण्ड आदि इत्यादि नेताहरू र सांसदहरूको काण्डै काण्ड छन। सेना आउ देश बचाउ।

इतिहास साक्षी छ आफनो देशको नागरिकहरूलाई अरूको देशको नागरिकहरू बनाएर बेच्ने काम राजा श्री ५ महेन्द्र शाह, श्री ५ विरेन्द्र शाह र श्री ५ ज्ञानेन्द्र शाहले कहिले पनि गरेनन। नेताहरूबाट मुलुकमा सरकारलाई दिएको समर्थन फिर्ता लिने र सरकार ढाल्ने पटकपटक नाटक मंचन गरिरहेका छन। मुलुकमा ६ महिना सरकार टिकाउन हम्मेहम्मे परेको छ लाजमर्दो कुरा छ। सेना आउ देश बचाउ।

नेताहरूबाट र वर्तमान व्यवस्थाले मुलुकमा निकास आउँदैन। अब मुलुकमा तत्काल सैनिक शासन अपरिहार्य छ। सेना आउ देश बचाउ। सेना आउ देश बचाउ। हाम्रो देश डुब्न लाग्यो सेनाहरू लौ न बचाई देऊ।

नेताहरूको भुटानी शरणार्थी काण्ड बाहिर आउँदा पनि जनताहरूको आँखा अझै खुलेको छैन। अझ पनि विभिन्न पार्टीहरूका कार्यकर्ताहरू र दासहरूलाई मानव तस्करहरू, भ्रष्टहरू र चोरहरूलाई हाम्रो नेताहरू भन्न लाज लाग्दैन ? लाजमर्दो कुरा छ। मानव तस्कर गर्ने, भ्रष्टाचार गर्ने चोर र भ्रष्ट नेताहरूको पछि कतिन्जेल लाग्ने ? नेताहरूको वास्तविक चरितार्थ सबै छताछुल्ल भएको छ। आज केही नेताहरू र सांसदहरूले नेपाली नागरिकहरूको बेचभिखन गर्ने मानव तस्करको कार्यले विश्वभर नेपालीको शिर निहुरिनु र लज्जित हुनुपरेको छ। नेताहरू र सांसदहरूको कारणले नेपालीहरूको स्वाभिमानमा आँच पुगेको छ। सेना आउ देश बचाउ। मुलुकमा वास्तविक जनताहरू छन भने अब सडकमा आई सेना आउ देश बचाउ भनौं। नेताहरूलाई मुलुकमा ६ महिना सरकार टिकाउन हम्मेहम्मे परेको छ लाजमर्दो कुरा छ। सेना आउ देश बचाउ। नेताहरूको कारण हाम्रो देश डुब्न लाग्यो सेनाहरू लौ न बचाई देऊ। मुलुक भन्दा ठूलो नेताहरू र विक्रम सम्वत २०७२ साल जारी संविधान हुँदै होइन संविधान फेरि पनि बन्न सक्छ। सेना आउ देश बचाउ। अब मुलुकमा तत्काल सैनिक शासन अपरिहार्य छ।

विक्रम सम्वत २०७९ साल मंसिर ४ गतेको निर्वाचनपछि पनि राजनीतिक दलका नेताहरू र ८८४ जना सांसदबाट मुलुकले निकास पाउन सकेन। सेना आउ देश बचाउ। दुईचार दिन प्रधानमन्त्री, मन्त्री र मुख्यमन्त्री बन्ने धन कमाउने धन्दा, मानव तस्कर गर्ने धन्दा, भ्रष्टाचार गर्ने र सत्ता लिप्साको स्वार्थमा मात्र लागि परेका छन। हुन त नौलो कुरा होईन आजसम्म नेताहरूबाट कहिले मुलुकले निकास पाएको थियो र अब पाउँछ ?

काँग्रेस पार्टीको गिरिजा प्रसाद कोइरालाले एकलौटी बहुमतको सरकार चलाउन सकेनन र टिकाउन सकेनन प्रायःजसो सबैलाई थाहा छ। यसप्रकार नेताहरू र सांसदहरू पटकपटक मुलुक हाँक्न असफल भएका छन। सेना आउ देश बचाउ। मुलुकमा सरकारलाई दिएको समर्थन फिर्ता लिने र सरकार ढाल्ने पटकपटक नाटक मंचन गरिरहेका छन। सेना आउ देश बचाउ। प्रधानमन्त्री पुष्पकमल दाहालको सरकार कहिले ढल्ने हो ठेगान छैन। हग्नेलाई भन्दा देख्नेलाई लाज लागिरहेको छ। नेताहरू जनताहरूलाई झुक्याउन मात्र सिपालु छन।

आज नेताहरू र सांसदहरूको कारण मुलुकमा आर्थिक संकट आएको छ। सेना आउ देश बचाउ। मुलुकको विकास र जनताहरूको लागि केही पनि भिजन, दुरदृष्टि सोच र उपलब्धि छैन। मुलुकमा ६ महिना सरकार टिकाउन हम्मेहम्मे परेको छ लाजमर्दो कुरा छ। सेना आउ देश बचाउ। राजनीतिक दलका नेताहरू ६०१ जना सभासद र ८८४ जना सांसद मुलुकलाई निकास दिन एकपटक होईन पटकपटक असफल र अक्षम प्रमाणित भइसकेका छन। सेना आउ देश बचाउ। सेना आउ देश बचाउ। नेताहरूको कारण हाम्रो देश डुब्न लाग्यो सेनाहरू लौ न बचाई देऊ। नेताहरूको कारण हाम्रो देश डुब्न लाग्यो सेनाहरू लौ न बचाई देऊ। मुलुक भन्दा ठूलो नेताहरू र विक्रम सम्वत २०७२ साल जारी संविधान हुँदै होइन संविधान फेरि पनि बन्न सक्छ। सेना आउ देश बचाउ। अब मुलुकमा तत्काल सैनिक शासन अपरिहार्य छ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Brittle = कडा तर सजिलै फुटने These glasses are brittle, handle them with care यी ग्लासहरू सजिलै फुट्ने हुँदा होस पुर्‍याएर यसको प्रयोग गर।

Converge = जम्मा हुनु, भेला हुनु Leaders from all over the world have converged on South Africa to take part in Earth Summit विश्वका नेताहरू पृथ्वी सम्मेलनमा भाग लिनका लागि दक्षिण अफ्रिकामा भेला भएका छन्।

Disparage = कम मूल्यांकन गर्नु (belittle) He always wants to disparage the talents of his son ऊ आफ्नो छोराको जेहेनदारितालाई कम मूल्यांकन गर्ने गर्दछ।

Exuberant = मनमोहक, अति आनन्दपूर्ण, अति रमाइलो The meeting was not boring because the master of ceremony was quite exuberant समारोह संचालक ज्यादै रमाइलो भएको हुँदा बैठक कहिले सकिएला भन्ने जस्तो अनुभव भएन।

Frolicsome = ठट्टा गर्ने, रमाइलो पाराको The frolicsome puppy tried to lick the face of the master हँसिलो कुकुरको छाउरो उसको मालिकको मुख चाट्न खोज्छ।

Grudgingly = अनिच्छा दर्शाउँदै The management hiked the salary of the employees grudgingly व्यवस्थापनले अनिच्छा दर्शाउँदै कर्मचारीहरूको वेतनमा वृद्धि गर्‍यो।

Hortatory = जोसमा ल्याउने खालको The public speech of the political leaders should be hortatory so that the crowd listen to it with ever-growing excitement राजनीतिक नेताको भाषण यस्तो हुनु पर्दछ जुन स्रोताहरूलाई जोसमा ल्याउन सकोस्।

Ingenuous = विश्वासिलो, छलकपट नभएको, His ingenous smile proves that he is naive उसको छलकपट विनाको हँसाइले ऊ सोझो छ भन्ने कुरा प्रमाणित गर्दछ।

Lope = लामो दूरीको उफ्राइका साथ दौडनु The tiger loped off into the jungle as it noticed possible danger सम्भाव्य खतराको महसुस गर्दै बाघ लामो लामो दूरीको उफ्राइका साथ दौडदै जंगलभित्र घुस्यो।

Munificient = अति दयालु Japan has been a munificient giver for the development of Nepal जापान नेपालको विकासका लागि सहयोग गर्ने दयालु दाताभित्र पर्दछ।

## Cut बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Cut at somebdy with = काटेर घाउ बनाउनु The attacker cut at him with a sword आक्रमणकारीले उसलाई तरबारले काटी घाउ बनायो।

Cut something away from = काटेर फाल्नु Yesterday we cut away all the dead branches from our avocado's tree हिजो हामीले हाम्रो आभोकाडोको रुखको सुकेको हांगाहरू काटेर फाल्यौं।

Cut something back = छोट्याउनु Every year she cuts back a rose bush हरेक वर्ष तिनले गुलाफको झ्याग छोट्याउँछिन।

Cut back something on = कम गर्नु If we failed to sell all what we have, we have to cut back on production हामीसँग भएको सबै हामीले बेच्न सकेनौ भने हामीले उत्पादन कम गर्नुपर्छ।

Cut somebody down = कसैलाई मार्नु वा लग्नु The pneumonia cut his son down already in his teenage निमोनियाले उसको छोरालाई किशोरावस्थामै लग्यो।

Cut down something = घटाउनु The docter advised him to cut down his consumption of fat डाक्टरले उसलाई चिल्लो पदार्थ कम उपभोग गर्ने सल्लाह दियो।

Cut something from something = झार्नु We cut his demand from Rs. 20,000/- to 10,000/- हामीले उसको मागलाई रु २०००० बाट १०,००० मा झार्‍यौं।

Cut in on something = नठोकिएर जानु The car overtook our car and then cut in त्यो कार हाम्रो कारसँग नठोकिएर अगाडि बढेर गयो।

Cut across = उल्लंघन गर्नु Such opinion can cut across our code of conduct यो भनाइले हाम्रो आचारसंहिता उल्लंघन गर्न सक्छ।

Cut into = बीचमै बोल्नु Although I tried to stop her, she cut into our conversation मैले रोक्ने प्रयास गर्दागर्दै पनि तिनले हामी कुरा गर्दै जाँदा बीचमा बोलिन।

## सुडोकु-अंक ३०३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | | | ३ | | | | | १ |
| | | ९ | | ६ | | | | |
| | | ४ | | | १ | २ | ६ | |
| | | ८ | ५ | | ९ | | | ३ |
| | ३ | | | | | | ५ | |
| १ | | | | | ८ | | | ९ |
| | ४ | ६ | ९ | | | १ | | |
| | | | | ७ | | ५ | | |
| ७ | | | | | ८ | | | ९ |

## अंक ३०२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ५ | २ | १ | ३ | ६ | ९ | ८ | ४ |
| ९ | ८ | ३ | ४ | ५ | ७ | २ | ६ | १ |
| ४ | ६ | १ | ८ | ९ | २ | ३ | ५ | ७ |
| ६ | ७ | ५ | २ | ४ | ३ | ८ | १ | ९ |
| ३ | ९ | ४ | ६ | ८ | १ | ७ | २ | ५ |
| २ | १ | ८ | ५ | ७ | ९ | ४ | ३ | ६ |
| ८ | ४ | ९ | ३ | १ | ५ | ६ | ७ | २ |
| ५ | २ | ७ | ९ | ६ | ८ | १ | ४ | ३ |
| १ | ३ | ६ | ७ | २ | ४ | ५ | ९ | ८ |

# Changing River Pothong

With the passage of time, the bank of the River Pothong is changing in its appearance, leaving no traces of the past, along with the powerful advance of our developing country.

Until the liberation of the country, the mud wall dwelling area along the River Pothong was a slum area packed with shanties and dugouts. It was also a place of hatred, because every year the flood took away precious lives, fortunes and cropland.

Right after the liberation, President Kim Il Sung, worried about the life of people in this area suffering from flood, personally initiated the work of rerouting the River Pothong. On May 21, 1946, he attended the ground-breaking ceremony and delivered a historic speech of encouragement.

The citizens from all strata in Pyongyang city rushed to the construction site in response to his speech. And the massive work of improving the River Pothong was completed within a short period of 55 days, although it was said to take at least 15 years.

Since then, the new history of happy changes has started on the River Pothong which was once called the river of tears and resentment.



Afterwards, President Kim Il Sung saw to it that man-made isles and ponds are well created to make a good match with the scenic beauty of the river and the river be stocked with fries in large number so that the River Pothong can turn into an excellent cultural recreation area for the people.

Chairman Kim Jong Il, wisely led the work to transform the river into a better shape, true to the noble intention of the President since he cared more than anyone else about the misfortunes and sufferings of our people caused by the River Pothong.

Thus, the bank of the River Pothong where there was not a single big street before the liberation came to have modern streets in a row. These include the ones of Chollima, Kyonghung, Ponghwa and Pulgungori as well as monumental edifices like People's Palace of Culture, the Pyongyang Indoor Stadium, Changgwang Health Complex, the Ice Rink and Chongnyu Restaurant.

Today, the history of love for the people continuestobe inherited by the respected Comrade Kim Jong Un, together with the River Pothong.

The Mansugyo Meat Store with a total floor space of more than 5,000 square meters, and the Mansugyo Soft Drink Stall with a total floor space of more than 3,000 square meters were wonderfully built as people's assets under the meticulous guidance of the respected Comrade Kim Jong Un.

And in the last year, a downtown quarter called Kyongryu-dong which boasts of socialist civilization was built on the scenic spot along the river bank, adding to the beauty





of the River Pothong and the joy of people.

The River Pothong which was transformed into a model of capital culture, will continue to flow year after year along with the prosperity and development of our fatherland, telling the love for the people cherished by the respected Comrade Kim Jong Un who finds the greatest pleasure in people's joy and happiness.

Demand for Independence

Demand for independence is the demand of a social being to live and develop as master of the world and one's own destiny free from all fetters and subordinations. Since man lives and conducts activities in the world, independence is expressed in detail in the fact that man demands independence to live as master of nature, society and oneself and wages struggle for its realization. Man's demand for independence to live as master of nature is expressed in getting rid of all fetters and subordinations of nature to transform them into conditions favourable for his existence and development, the abundant material source of living. Demand for independence to live as master of society is expressed in getting rid of all social fetters and becoming an equal master of the state and society, thus living and developing while exercising fully the dignity and rights of a social being.

Demand for independence to live as master of oneself is expressed in getting rid of fetters of old, reactionary idea and culture to live and develop as a being more powerful in mental and physical way. Content and level of demand for independence differs according to stages of specific historical development. However, demand for independence is made inevitably and permanently with existence of man, and keeps developing into a higher stage not remaining on one stage. Man's independence is expressed in raising demand for independence and struggling for realizing it. As demand for independence is realized fully, man can further strengthen his position as master of the world and himself.

# Working Class of Korea

In the Democratic People's Republic of Korea the working class is called the core unit of socialist construction and the nation's "eldest son."

In the latter half of the 1950s, when the country was undergoing difficulties, the working class at the then Kangson Steel Plant produced 120 000 tons of rolled steel from a blooming mill with a rated capacity of 60 000 tons, thus initiating the Chollima Movement. In response to it, the working people across the country launched a mass innovation drive, ChollimaWorkteam Movement, thus achieving the socialist industrialization of the country in a matter of 14 years.

By availing themselves of the collapse of socialism in several countries in the closing years of the 20th century, the imperialists concentrated their anti-socialist offensive on the DPRK. In this trying period, the working class of the country

defended socialism and provided a solid springboard for building a powerful socialist country while revitalizing their country's economy.

Today they are setting up modern factories in various parts of the country and stepping up the work of putting the economy on a Juche-oriented, modern,



Working people moving into their new houses in the Pothong Riverside Terraced Houses District in April last year

scientific and IT basis as required by the developing times.

They also play the role as fully-fledged masters of the state and society.

Workers in the difficult and challenging sectors of the national economy, including coal and ore miners, lumberjacks, fishermen and weavers, are elected to the Supreme People's Assembly (parliament) and local people's assemblies, participating in administering the state affairs. At the elections to the county, city and provincial people's assemblies held in July 2015, General Secretary Kim Jong Un cast ballots for candidates, who were workers from the Ryonmot Trolley Bus Station and Kim Jong Thae Electric Locomotive Complex.

The title of Labour Hero and other state decorations are awarded to those who have worked honestly at their posts for scores of years or have made a great contribution to developing the country's economy.

Eight-hour work day, regular holidays, maternity leave, provision of working conditions and environment and supply of labour protection materials and nutrients are guaranteed by law. Factories and enterprisesare furnished with bases for cultural life.

In the country the lives and health of the working class are a matter of national concern, a matter of paramount importance. The



A worker couple after moving into a new luxury house

matter concerning the lives and health of the workers are discussed before production starts, and officials of production units go among the workers to acquaint themselves with the latter's demands and mental agony and solve them in time–this is a primary process of their work.

On May Day state dignitaries including senior officials of the ruling Workers' Party of Korea visit dormitories and workplaces of the workers, and celebrate the holiday with them, enjoying artistic performances and playing sports games with them. This has become a convention in the country.

On the day the country's newspapers and TV give wide publicity to the innovative successes brought about by the working class, and artistic groups stage congratulatory performances for the labour innovators.

The country does not hesitate to make investment for the sake of the working class, and it provides them with much benefit.

This is eloquently proved by the fact that new flats in Changjon Street and Kyongru-dong built in the central parts of Pyongyang were provided to ordinary workers free of charge.

Kim Jong Un visited the family of a worker at a city landscaping station and the family of a weaver of the Pyongyang Kim Jong Suk Textile Mill who moved to new flats in Changjon Street, and blessed their future. Under his guidance, wonderful workers' hostels were built at the Pyongyang Kim Jong Suk Textile Mill, Pyongyang Kim Jong Suk Silk Mill and others.

Among those, who moved to the luxury houses in the Pothong Riverside Terraced Houses District built in Pyongyang, were a weaver and a trolley bus driver.

## भ्रष्टाचार...

भ्रष्टाचारविरुद्ध आवाज बुलन्द गर्ने, ग्रेटर नेपाल महाअभियानमा आन्दोलन केन्द्रित गरेर निर्माण गरिएको राष्ट्रवादी चलचित्र 'काँडेतार' को निर्माता, निर्देशक, नायक, नवल खड्कालाई सुरेन्द्र ढकाल प्रतिष्ठानले प्रदान गर्ने रु. एक लाख पचास हजारको चेक प्रदान गर्ने समेत कार्यक्रम रहेको छ ।

## भिजिट...

फिलिपिन्स, थाइल्यान्ड र मलेसिया जाने यात्रुमाथि बढी निगरानी गर्न निर्देशन दिइएको छ । यस्ता मुलुकका भ्रमणमा जाने व्यक्तिको आवश्यक कागजात, भ्रमणको उद्देश्य जस्ता विषयमा सूक्ष्म अध्ययन तथा क्रम भेरिफिकेसन गर्न भनिएको छ । यसैगरी, कागजातको वैधताको समेत अध्ययन गर्न महानिर्देशक अधिकारीले सम्बन्धित अध्यागमन कार्यालयलाई निर्देशन दिएका हुन् । भिजिट भिसामा प्रस्थान अनुमति दिँदा नाता प्रमाणितलगायत आवश्यक कागजात अनिवार्यरूपमा 'नेपाल पोर्ट सिस्टम' मा अपलोड गर्न समेत विभागले निर्देशन दिएको छ । यो निर्देशन कार्यान्वयनमा आएपछि अब नेपालबाट विभिन्न देशमा भिजिट भिसामा जाने नेपालीमाथि विशेष निगरानी तथा कडाइ हुने विभागले जनाएको छ । अहिले अत्यधिक चर्चामा रहेको नक्कली भुटानी शरणार्थी बनाएर नेपालीलाई अमेरिका पठाउने ठूलो प्रकरण बाहिर आएपछि सरकारले अब भिजिट भिसामा विदेश जानेहरूमाथि निकै कडा निगरानी बढाउन लागेको हो ।

## विवादित...

नागरिकता वितरण गर्‍यो । पछि सर्वोच्च अदालतले यस्ता नागरिकहरूलाई खारेज गरे पनि व्यवहारमा अहिले पनि ती नागरिकताको मान्यता कायमै छ । ०६३ सालमा तीन जनाको सिफारिसमा भारतीयहरूलाई वितरण गरिएको नागरिकता व्यापक चलनचल्तीमा यथावत रहिआएको छ । नागरिकता ऐन ०६३ दफा ८ को उपदफा २ को (ख) मा मतदाता नामावलीको आधारमा पनि नागरिकता दिने व्यवस्था गरिएको थियो । जबकि नागगरिकताको आधारमा मतदाता नामावली बनाउने आम प्रचलन छ । ०३७ सालमा जनमत संग्रहको मतदाता नामावलीमा राजनीतिक उद्देश्यको परिपूर्तिका लागि सीमावर्ती जिल्लाका १० औं लाख भारतीयहरूलाई भारतीय दुतावासको संयोजनमा मतदाता नामावलीमा नाम लेखाइएको थियो । तर राजा वीरेन्द्रले अध्यादेश जारी गरी उक्त नामावलीअनुसार भारतीय नागरिकलाई नागरिकता बाँड्ने प्रपञ्चलाई पूरा हुन दिएनन् ।

२००९ सालमा पहिलो पटक नेपालमा नागरिकता ऐन बन्यो । त्यसमा अहिले जस्तो वंशज या अंगिकृत भन्ने स्पष्ट परिभाषा थिएन । जम्मा ११ दफा रहेको उक्त ऐनमा उल्लेख आधिबासी शब्दले वंशज र बसोबासका आधारमा दिइने भन्नाले अंगिकृत प्रकृतिको नागरिकताको अनुमान गर्न सकिन्छ । २०१९ मा नागरिकतालाई पहिलोपटक संवैधानिक ढाँचामा ल्याइयो । २००९ सालको ऐनमा भएजस्तै बाबु वा आमा भन्ने व्यवस्था कायम राखे पनि कानुनले निर्धारण गरेबमोजिम नागरिकता पाउने संवैधानिक व्यवस्था गर्‍यो । ०२० साल फागुन १६ मा नागरिकता ऐन जारी भयो । उक्त ऐनले नागरिकता कडाइ गर्दै बाबुको नामबाट मात्र वंशजको आधारमा नागरिकता दिने प्रावधान राख्यो । तत्कालीन राजा महेन्द्रले राष्ट्रवादी नीतिका आधारमा नागरिकता वितरण गरिने परिपाटी अघि बढाएपछि विस्तारै नागरिकता प्रकरण राजनीतिक तुरुपका रुपमा प्रयोग हुँदै आएको मानिन्छ । यसको व्यापक विरोध भएपछि ऐनमा पटक पटक (५ पटक) संशोधन गरी नागरिकता वितरणलाई अभियानका रुपमा सञ्चालन गरियो । ०३२ देखि ०३८ सम्म ६ वर्षमा चार चरणमा टोली बनाई नागरिकता बाँड्ने काम भयो । उक्त टोलीले उमेर पुगेका बालिगलाई अस्थायी निस्सा दिने, नाबालक र विदेशीको लागत संकलनमा गर्ने काम गरेको थियो । जसमध्ये ५१ लाख २७ हजार चार सय ४१ जनालाई अस्थायी निस्सा दिइयो भने ३२ हजार निवेदन अंगीकृत नागरिकताका लागि संकलन गरियो ।

०४० सालमा जिल्ला स्तरीय नागरिकता छानबिन समिति गठन गरी अस्थायी निस्सा पाएका र तत्कालीन बालिग भएकालाई नागरिकता वितरण गरियो । ०४३ मा सरकारले ६८ लाख नेपालीसँग नागरिकता नभएको तथ्य सार्वजनिक गर्दै एक सय चारवटा टोली बनाएर नागरिकता वितरणलाई तीव्रता दियो । फेरि ०४४ सालमा २४ लाख ४४ हजारसँग नागरिकता नभएको तथ्यांक सार्वजनिक गर्दै नागरिकता वितरणको अर्को अभियान चल्यो । यो २ वर्षको अवधिमा ४५ लाख नागरिकता वितरण गरेको पाइन्छ । ०४७ को संविधानले नेपाली नागरिकताको विस्तृत व्याख्या गर्दै २०२० को नागरिकता ऐनलाई वैधता दियो । संविधानमै वंशजको आधारमा नागरिकता लिएको व्यक्ति नेपाली नागरिक हुन भन्ने व्यवस्थाले तराईमा असन्तुष्टि पोखिन थाल्यो । ०६२–०६३ को जनआन्दोलनबाट पुनस्थापित संसदले ०६३ मंसिर १० मा नागरिकता ऐन जारी गर्‍यो । नागरिकता ऐन जारी भएसँगै विगतका सरकारले जस्तै नागरिकता वितरणको अभियान जारी रह्यो । त्यो समयमा ५ सय ६१ टोली बनाएर २६ लाख १५ हजार ६ सय १५ वटा नागरिकता वितरण गरिएको गृह मन्त्रालयको अभिलेखमा छ । नागरिकता ऐन ०६३ का केही प्रावधान ०४६ सालको संविधानसँग बाझिएको भन्दै परेको रिट सर्वोच्चले खारेज गर्‍यो । विवादकै बीच करिब दुई महिनापछि ल्याइएको अन्तरिम संविधानले ऐनको व्यवस्थालाई वैधानिकता प्रदान गर्‍यो । यो ऐनको दफा ४ ३को (१) मा भएको ०४६ साल चैत मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी बसोबास गर्दै आएको व्यक्तिले जन्मको आधारमा नेपालको नागरिक हुन भन्ने व्यवस्थाले विवाद झन् बढायो । ०४६ चैत मसान्त नै किन ? यो प्रावधान कसको इसारामा किन राखियो ? भन्दै सडक आन्दोलन नै चल्यो । दोस्रो संविधानसभाको निर्वाचनका बेला निर्वाचन आयोगले नागरिकताका आधारमा फोटोसहितको मतदाता नामावली संकलन अभियान चलाइएपछि नागरिकतालाई राजनीतिक दलहरूले तुरुपकै रुपमा प्रयोग गरे । त्यो बेलामा पनि बालिग मताधिकार खोसिने भन्दै ६ लाख ३ हजार ९४ वटा नागरिकता वितरण गरियो । नयाँ संविधान जारी भएपछि नागरिकताको लफडाले अझ उग्र रुप लियो । संविधानको धारा २८९ मा महत्वपूर्ण पदमा पुग्ने पदाधिकारीको नागरिकता सम्बन्धी विशेष व्यवस्थाले तराई केन्द्रित दल आन्दोलित बने । उनीहरूको आन्दोलनलाई सघाउँदै भारतले नाकाबन्दी नै गरेपछि यो विषय थप विवादित बन्न पुग्यो ।

यो विषयलाई ठोस रुपमा सम्बोधन नगर्दै नागरिकता ऐन २०६३ को व्यवस्थालाई थप व्यवस्थित र परिमार्जित गर्न ल्याइएको भनिएको विधेयकमाथि पनि प्रश्न उब्जिएको छ । नागरिकता विधेयक दफा (४) मा वैवाहिक अंगिकृत नागरिकका सवालमा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेको विदेशी महिलालाई नागरिकता दिन राखिएको ७ वर्षे प्रावधान हटाइएको छ । विदेशीसँग वैवाहित सम्बन्ध कायम गरेकी नेपाली महिलाको हकमा उनका पति र सन्तानका लागि अंगिकृत नागरिकता पाउन १५ वर्षको अवधि प्रस्ताव गरिएको छ । यसले महिलालाई विभेद गरेको भनिँदैछ ।

## खाँण...

विनिता साङदेन लिम्बू, हरिभक्त महर्जन, लक्ष्मी महर्जन र राजेश अर्याल रहेका छन् । आरोपितलाई राष्ट्रहित प्रतिकूल काम गरेको (मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा ५१) अभियोगमा मुद्दा दायर भएको छ । उनीहरू उपर मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र (२) बमोजिमको कसूर गरेको पुष्टि भएको जिकिर गरिएको छ । सोही अनुसार उक्त कसूरमा प्रतिवादीहरूलाई सोही संहिताको दफा गरी २४९ को उपदफा (३) को खण्ड (ग) बमोजिम सजाय माग दाबी गरिएको छ ।

सो दफामा 'नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान वा नेपालको अन्तर्राष्ट्रिय छविउपर अपमान हुने, होच्याउने वा घृणा वा द्वैष फैलाउने' काम गर्न नहुने भन्ने उल्लेख छ । राष्ट्रहित प्रतिकूल काम गरेको अभियोग पुष्टि भए पाँच वर्षसम्म कैद, ५० हजार रुपैयाँ जरिमाना वा त्यो अपराध गर्दा रकमको लेनदेन भए त्योसमेत जफत हुने व्यवस्था छ । भुटानी शरणार्थीसम्बन्धी समस्याको स्थायी समाधान पहिल्याउन सरकारी कार्यदलले तयार पारेको प्रतिवेदनमा नक्कली अनुसूची घुसाउँदै गिरोहले ८ सय ७५ जनासँग रकम उठाएको पाइएको थियो । गृह मन्त्रालयका पूर्वसहसचिव वालकृष्ण पन्थीको संयोजकत्वमा २०७६ जेठमा गठित कार्यदलमा विज्ञ सदस्यका रूपमा गणेशबहादुर केसी र सदस्य सचिवका रूपमा शाखा अधिकृत दीपकप्रसाद न्यौपाने थिए ।

कार्यदलले गृहमा बुझाएको प्रतिवेदन अझै सार्वजनिक गरिएको छैन । गिरोहले त्यही प्रतिवेदनको प्रतिलिपि हात पारेपछि त्यसमा ८ सय ७५ नेपालीको नामसहितको दुइटा अनुसूची थपेको हो । सरकारी संयन्त्रसँग निकट रहेको गिरोहले नाम प्रतिवेदनमा समावेश गरेर जनही १० लाखदेखि ५० लाख रुपैयाँसम्म उठाएका थिए ।

रकम उठाइसकेपछि गिरोहले नक्कली शरणार्थी परिचयपत्र वितरण गर्दै आएको थियो । गृह मन्त्रालयमा पेस भएको शरणार्थीसम्बन्धी अध्ययन प्रतिवेदन ठगी गर्ने गिरोहले गायब बनाएर त्यसको ठाउँमा फर्जी प्रतिवेदन पेस भएको पुष्टि भइसकेको प्रहरीको दाबी छ । र, गृहमा भएको प्रतिवेदन पहिलेको भन्दा परिमार्जित अवस्थामा रहेको फेला परेको छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा मुद्दा चलेका अभियुक्तमाथि कसुर ठहर भएमा साढे १० वर्षसम्म कैद सजाय हुने भएको छ । मागदाबीमा २४ वर्ष कैद सजायको दाबी लिइए पनि मुलुकी अपराधसंहिताको दफा ४३ बमोजिम अधिकतम साढे १० वर्ष कैद सजाय हुने भएको हो । सरकारले चारवटा कसुर लगाउँदै कुल २४ वर्षको कैदको माग गरिएको भए पनि एकीकृत कसुरमा पहिलो ठूलो सजायको पूरा सजाय र दोस्रो ठूलो सजायको आधा सजाय मात्रै कायम हुने भएकाले अभियुक्तको कसुर प्रमाणित भए अधिकतम साढे १० वर्ष जेल बस्नुपर्ने भएको हो ।

तत्कालीन गृहमन्त्री बालकृष्ण खाणले संगठित गिरोहका नाइके केशव दुलालबाट १ करोड २४ लाख ५० हजार रुपैयाँ बुझेपछि भुटानी शरणार्थीसम्बन्धी समस्या समाधानका लागि सुझाव दिन गठित समितिको कार्यादेश थप गरेको भेटिएको भन्दै सो प्रमाणको आधारमा मुद्दा दायर गरेको छ । जिल्ला सरकारी वकिलको कार्यालयले बुधबार काठमाडौं जिल्ला अदातलमा दायर गरेको अभियोगपत्रमा उनीविरुद्ध चारवटा कसुरमा मुद्दा चलाएको छ ।

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाइदिने समूहमा आबद्ध भई प्रतिवेदनलगायत गृह मन्त्रालयका पत्रका आधारमा विश्वास दिलाई करोडौं रकम उठाउन लगाई ठगी गरी लाभ लिई मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र (२) बमोजिम ठगीको कसुर गरेको पुष्टि हुन आएको दाबीसहित मुद्दा दायर गरिएको छ ।

दोस्रो कसुरमा नेपाली नागरिकताको नाममा भुटानी शरणार्थीको नक्कली परिचयपत्र बनाई लिखत किर्तेको कसुरसमेत गरेको देखिँदा निज प्रतिवादी वालकृष्ण खाँणले मुलुकी अपराधसंहिता, २०७४ को दफा २७६ को उपदफा (१) र (२) बमोजिम सरकारी लिखत किर्तेको कसुर गरेको पुष्टि हुन आएको उल्लेख छ ।

तेस्रो कसुरमा राष्ट्रको साख गिराउने कार्यसमेत गरेकाले निज प्रतिवादी वालकृष्ण खाँणले राष्ट्रहित प्रतिकूल काम गरेको देखिँदा मुलुकी अपराधसंहिता, २०७४ को दफा ५१ को उपदफा (१) र (२) को खण्ड (क) र उपदफा (७) बमोजिम राज्यविरुद्धको कसुर गरेको पुष्टि हुन आएको अभियोगपत्रमा उल्लेख छ । चौथो कसुरमा आपराधिक लाभका लागि रकम उठाउने कार्य गरी तहगत संरचनाको आधारमा गोप्य ढंगले आ-आफ्नो भूमिका निर्वाह गरी संगठित अपराधसमेत गरेको देखिँदा निज प्रतिवादी वालकृष्ण खाँणले संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१), (२), (३) को खण्ड (क) तथा दफा ५ बमोजिमको संगठित अपराधको कसुर गरेको पुष्टि हुन आएको उल्लेख छ ।

पूर्वउपप्रधानमन्त्री एवं एमाले सांसद टोपबहादुर रायमाझीमाथि नक्कली भुटानी शरणार्थी प्रकरणमा ठगी गर्नेहरूबाट आफूले लिनेखाने काममा संलग्न रहेको अभियोग लागेको छ । यस प्रकरणमा उनको संलग्नता किटान गर्दै जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले राष्ट्रहित प्रतिकूल, ठगी, संगठित अपराध र किर्तेमा मुद्दा चलाएको छ ।

**प्रहरी इतिहासकै हाई प्रोफाइल मुद्दा**

नेपाल प्रहरीको इतिहासमा अहिलेसम्मकै हाई प्रोफाइल फौजदारी मुद्दा अदालतमा पुगेको छ। नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर विदेश पठाइदिने भन्दै गरिएको ठगीमा संलग्न ३० अभियुक्तविरुद्ध २८ करोड ८१ लाख ७४ हजार रुपैयाँको बिगो दाबीसहित जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले बुधबार जिल्ला अदालतमा मुद्दा दर्ता गरेको छ। राज्य संयन्त्रकै संरक्षणमा भएको यो अपराधमा तत्कालीन मन्त्रीदेखि सचिवसम्म गिरोहमा संलग्न थिए। अभियुक्तविरुद्ध राज्यविरुद्धको अपराध, लिखत किर्ते, संगठित अपराध र ठगी कसुरअन्तर्गत मुद्दा चलाइएको छ।

## राष्ट्रिय...

र अराजकता भइरहने भारतका विभिन्न राज्यमा पचासौं आतंकारी संगठन, लाखौं तस्कर, हत्यारा, डाँका आदिका लागि नेपालको नागरिकता कछुवाको बलियो हाडजस्तो सुरक्षा-कवच सावित हुन सक्छ । अव्यवस्थित सिमाना भएका नेपाल जस्ता राष्ट्र कति छन् ? सहज रूपमा कुन-कुन राष्ट्रमा दलहरू नै मिलेर राष्ट्रघातका नवीनतम् नजीर बनाउँछन् ? राष्ट्र नरहे पनि सुख सुविधा रहोस् भनेर कतिवटा र कुन कुन राष्ट्रमा राष्ट्रिय स्वाभिमानमाथि खेलबाड गरिएको छ ?

विदेशीको मन्त्रले चल्ने नेपाली तन्त्रले नेपाल र नेपालीको हित गर्दैन भन्नेहरू किन ऐक्यबद्ध हुन सक्दैनन् ? किन ज्युँदो देखिएका छैनन् । यदाकदा घाटमा पुर्‍याइएको लास पनि बौरिएका खबर सुनिन्छन्, बूढापाका छन् प्रत्यक्षदर्शी । तीसौं वर्षदेखि उनै अकर्मण्य, भ्रष्ट, राष्ट्रघाती, कुरौटे र विदेशीका भरौटेहरूलाई नै जनताले राष्ट्र हाँक्ने लाइसेन्स दिएका छन् । के अब पनि त्यही भूल दोहोर्‍याउलान् ?

नक्कली नागरिकता लिएका र विदेशीका दास बनेकाहरू पनि त्यस्तै हुन् । नेपाल आमाले शरण दिँदैमा ती खाँटी नेपाली हुन सक्दैनन् । नेपाली हुन नेपाललाई माया गर्नुपर्छ । राष्ट्रवादी हुनैपर्छ । सुन्दर इतिहास बनाउने मौका पाएर पनि नेपालका नेताहरू 'ट्रेटर' बनेका छन् । यसमा एमाले, कांग्रेस माओवादी र तराईकेन्द्रित दलका कतिपय पार्टी पदाधिकारी, अगुवा कार्यकर्ता आदि पनि पर्छन् । जनताले यी राष्ट्रघातीहरूकै एजेन्डा स्वीकार गर्ने हो भने राष्ट्र बचाउँछ कसले ? विदेशी षड्यन्त्रहरूको पर्दाफास गर्छ कसले ? स्वाभिमानको लडाइँ हाक्छ कसले ? राष्ट्रियताको रक्षा गर्छ कसले ?

भ्रष्ट, अकर्मण्य, दास र दृष्टिहीन कथित नेताहरूका भरमा राष्ट्रको भविष्य सुम्पिने तपाईं हामी आफैं मूर्ख हौं कि होइनौं ? के आज देशमा प्रजातान्त्रिक शासन छ ? विधिको शासन छ ? सुशासन र पारदर्शिता छ ? कूटनीतिक मर्यादा छ ? स्थानीय सरकारमा जनताको प्रतिनिधित्व छ ? संसद छ ? संसदले चुनेको सरकार छ ? सरकार जनताप्रति उत्तरदायी छ ? जनताका जल्दाबल्दा समस्याप्रति सरकार संवेदनशील छ ? जनतामा दलहरूप्रति आस्था र विश्वास बाँकी छ ? नेपालबारे नेपालीले नै निर्णय गर्ने हक सुरक्षित छ ? छैन । त्यसो भए यो लोकतन्त्र हो कि पराइतन्त्र ? यो सुशासन हो कि दुशासनहरूको कुशासन ? जनताले प्रश्न गर्नुपर्छ । जनता बोल्नुपर्छ । जाग्नुपर्छ । उठ्नुपर्छ । विदेशी षड्यन्त्रकारी र तिनका आज्ञाकारी दासहरूको सशक्त विरोध गर्नुपर्छ । विदेशीले उचाल्दा मात्र 'जनआन्दोलन' गर्ने ज्युँदा लासहरूले अब आफैंलाई चिमोट्नुपर्छ । ज्युँदै छन् भने लाखौं जनता मिलेर सडकमा आउनैपर्छ ।

## विशाल...

सामेल हुन चाहने निम्नासारका व्यक्तित्वहरू १) राम घिसिङ २) सुमन लुइँटेल ३) राधा भण्डारी ४) दिलबहादुर कट्वाल ५) सिए ईश्वरीप्रसाद भट्टराई ६) ई. यज्ञराज अधिकारी ७) विष्णुभक्त तण्डुकार ८) मनोज रावल र ९) महेशप्रेमी उदासलाई महाअभियानमा संलग्न गर्ने निर्णय गरेको छ । ख) संयोजक सुरेन्द्र ढकालले प्रस्तुत गर्नु भएको आचार संहितालाई आवश्यकता अनुसार परिमार्जन गर्दै लग्ने गरी बैठकले अनुमोदन गरेको छ ।

**आचारसंहिता :**

(१) विशाल नेपाल महाअभियानका संयोजक तथा सदस्य (विनेमस) हरूले धर्म, सम्प्रदाय, जातजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा समुदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने गरी कुनै क्रियाकलाप गर्न वा गराउन नहुने । (२) निजीजीवनलाई आघात पर्ने गरी आलोचना गर्न नहुने,तर अभियानको नीति तथा कार्यक्रम र विगतमा निजले गरेको कामको बारेमा आलोचना गर्न बाधा पर्ने छैन । (३) कुनै साम्प्रदायिक भावना फैलाउने नहुने । (४) प्रचलित कानून बमोजिम कसूर मानिने कार्य गर्न वा गराउन वा त्यस्तो कार्य गर्न उक्साउन नहुने । (५) कुनै ब्यक्ति परियोजनाको साधन स्रोत र सम्पत्ति आफ्नो पक्ष वा अर्काको विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन नहुने । (६) मादक पदार्थ सेवन वा वितरण गर्न वा गराउन नहुने । (७) महिलाको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी कार्य गर्न वा गराउन नहुने । (८) फरक किसिमले सक्षम ब्यक्ति (अपाङ्गता भएको) को भावनामा आँच आउने किसिमले कार्य गर्न वा गराउन नहुने । (९) अभियानको आमसभा तथा जुलुसमा तथा विरोध कार्यक्रममा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने । १०) जुन सुकै राजनीतिक विचारधाराबाट प्रभावित भएतापनि अभियानका कार्यक्रमहरूमा राष्ट्रवाद, सुशासन, स्वच्छ पर्यावरण र जनजिविका, स्वावलम्वी अर्थतन्त्रको पक्षमा, राष्ट्रघात, भ्रष्टाचार, वातावरणीय प्रदुषण र आर्थिक असमानताको विपक्षमामात्र आफ्नो क्रियाकलाप र अभिव्यक्ति केन्द्रित गर्ने । ११) कुनै संघसंस्था वा ब्यक्तिहरूको आर्थिक प्रलोभनमा नफस्ने, आफनो आर्थिक जीवनमा पारदर्शि हुनु पर्ने । १२) अभियानले उठाएका एजेण्डाहरूको पक्ष वा विपक्ष खुलारुपमा वादविवाद गर्न पाइने तर आमसहमति वा वहुमतको आधारमा निर्णय भएपछि त्यसको विरोध वा विपक्षमा सार्वजनिक अभिब्यक्ति दिन नपाइने । १३) आफनो अभिब्यक्ति तथा आचरणलाई मर्यादित राख्नु पर्ने । १४)अभियानका कार्यक्रमहरू सफलताकासाथ सम्पन्न गर्न आफनो तन मन र धनको सक्दो योगदान गर्ने ।

ग) संयोजक सुरेन्द्र ढकालले प्रस्तुत गर्नु भएको महाअभियानको स्थायी नाराहरूलाई आवश्यक थप घट गर्न सक्ने गरी बैठकले अनुमोदन गरेको छ ।

**स्थायी नाराहरू :**

१) धमिजा काण्ड देखि वाइड वडि, ललिता निवास लगायत नक्कली भुटानी शरणार्थी प्रकरण जस्ता भ्रष्टाचारका सबै काण्डका दोषीहरूलाई कानूनी कारवाही गर । २) २०४७ साल पछि वनेका सबै राष्ट्रपति, प्रधानमंत्री मंत्रीहरूको सम्पत्ती जाचवुझ गरी अवैध सम्पत्ती राष्ट्रियकरण गर । ३) नेपाल भारत खुला सीमामा काडेतार लगा । अन्तराष्ट्रिय कानून विपरित भारतले सीमाक्षेत्र वनाएका भौतिक संरचना हटाउन पहल गर । ४) अतिक्रमित सबै स्थलहरूमा शसस्त्र प्रहरी तथा सेना तैनाथ गर ५) भारतद्धारा कालापानी क्षेत्र लगायत ७१ भन्दा वढी स्थानमा भएको अतिक्रमणको कारण गुमेको भूमी फिर्ता गर । ६) सार्वजनिक यातायातको पूर्णरुपमा विद्युतिकरण गर । ७) नेपाललाई हिन्दु र वौध्द धर्मको विश्व धार्मिक पर्यटकिय स्थलको रुपमा विकाश गर । ८) पर्यावरण विरोधी सबै किसिमका भौतिक निर्माण वन्द गर । ९) सामुदायिक विद्यालयको गुणस्तर वृध्दि गर, सरकारी तलव खाने सबैले आफना छोराछोरीलाई सार्वजनिक विद्यालयमै पढाउनुपर्ने वाध्यकारी ब्यवस्था गर । १०) सरकारी तलव खाने कसैले पनि कुनै पनि राजनीतिक दलको झण्डा वोक्न नपाउने र त्यस्ता राजनीतिक संगठनको भगिनी संगठन वन्न नपाउने कानून लागु गर । ११) देशमानै कृषिमलको उत्पादन शुरु गर । १२) साना तथा घरेलु उद्योगको विकाशको लागि नाम मात्रको कम ब्याजदरमा ऋण प्रवाह गर । १३) नेपालमा उत्पादनहुने सबै किसिमका कृषि, फलफुल र पशुजन्य आयात क्रमश वन्द गर्दै लग । १४) सरकारी तलव खाने सबैले स्वदेशी कपडा लगाउनै पर्ने कानूनी ब्यवस्था गर । एक घर एक तानको अवधारणा लागु गर । १५) देशको लागि विदेशी मुद्रा कमाउने सबैलाई वित्तिय प्रोत्साहनको ब्यवस्था गर । १६) शिक्षा स्वास्थ्य लगायतका सबै अत्यावस्यक सेवाहरू र खाद्य सुरक्षाको सुलभ प्रत्याभूति गर । १७) जीवन निर्वाहको सिध्दान्त अनुरुप राष्ट्रपति देखि वडा सदस्य सम्मको तलव भत्ता र सुविधा ब्यापक कटौति गर । १८) विश्वका ११६ राष्ट्रले मानेको नेपालको शान्ती क्षेत्रको प्रस्तावलाई संयुक्त राष्ट्रसंघबाट अनुमोदन गरा । १९) सामाजिक कुरितिको रुपमा रहेको छुवाछुत लगायत सबै सबै किसिमका सामाजिक विभेद अन्त्य गर । वालअधिकार र महिला अधिकारको प्रत्याभूति गर ।

घ) अभियानका कार्यक्रमहरू छिटो छरितो रुपमा सम्पन्न गर्न संयोजक ढकालको अध्यक्षतामा निम्नानुसारको कार्य सम्पादन समिति गठन गरेको छ :

**कार्य सम्पादन समिति**

संयोजक, सुरेन्द्र ढकाल, सदस्यहरूमा क्रमस रामशरण पाण्डे, नवल खड्का, तजेन्द्र प्रसाई, डम्वर विक्रम कार्की, प्रदीप कुमार प्रसाई, कविता आचार्य, मनोज रावल, राम घिसिंग, महेस प्रेमी उदास, लक्ष्मण फुयाल, राधा भण्डारी र शंकर मघैया । बैठकले महाअभियानको बैठक महिनाको एकपटक र कार्य सम्पादन समितिको बैठक आवश्यकताअनुसार जतिपटक पनि वस्न सक्ने निणर्य गरेको छ ।

**आगामी कार्यक्रम**

अभियानको पूर्ण बैठक पश्चात वसेको कार्य सम्पादन समितिको पहिलो बेठकले यहि जेठ महिनाको १४ गते आइतवार रत्नपार्क शान्ती वाटिकामा भ्रष्टाचार विरुध्दको विरोध र धर्ना कार्यक्रमको आयोजना गर्ने निर्णय गरेको छ । बैठकमा राष्ट्रवादी चलचित्र काडेटारको सार्वजनिक प्रदर्शनमा लगाएको रोक फुकुवा भएकोमा खुसियाली तथा वधाइ आदान प्रदान भएको थियो ।

## नामुद...

शरणार्थी प्रकरणमा मुछिन पुगेपछि संवैधानिक हैसियत प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग अहिले नुन खाएको कुखुराझैँ बन्न पुगेको छ ।

राजनीतिक संरक्षण प्राप्त ठूलठूला पदमा आसिन भई एउटै प्रोजेक्टबाट अर्बौं खर्बौं व्यक्तिगत लाभ लिई आयोजना डुबाउने भ्रष्टहरू देशमा मत्ता हात्ती लच्किएर हिँडेझैँ शिर ठाडो गरी हिँडिरहेका छन् । यस्तै भ्रष्टाचारको आहालमा डुबेका दर्जनौं भीमकाय भ्रष्टहरूमध्ये एक हुन् नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी ।

देशका प्रमुख विमानस्थल निर्माण, विस्तार तथा यान्त्रिक सबलीकरणका नाममा अधिकारीले प्राधिकरणमा लामो समयदेखि लखनउ लुट मच्चाए पनि उच्च तहका राजनीतिक संरक्षणले उनीमाथि कसैले लगाम कस्न सकेका छैनन् । पोखरा अन्तर्राष्ट्रिय विमनस्थल निर्माणका क्रममा विभिन्न डिजाइन परिवर्तन, भेरिएसन, क्लेम म्याचुरिटी लगायतका शीर्षकमा प्राधिकरणलाई अर्बौं नोक्सान पुर्‍याइ अर्बको ठेक्का लगाइ २ प्रतिशत साइनिङ अमाउन्ट असुलेका प्राधिकरणकै वरिष्ठ अधिकारीहरू बताउँछन् ।

हवाई उड्डयन सुरक्षाको मामिलामा यति एयरलाइन्सको दलालको भूमिकामा रहेका अधिकारी अन्य एयरलाइनसलाई बदनाम गराएर ओलीको साँचो हनुमान बन्ने गरेका छन् । प्रत्येक एभिएसनको फ्लाई सेफ्टी अडिटमा रकम असुल उपर गरी एनओसी जारी गर्ने आदेश दिने अधिकारीले सिभिल डिपार्टमेन्टका प्रमुख र उपप्रमुखबाट ठेकेदार, पार्टी पेमेन्ट अनुसार क्यालकुलेटरले हिसाब गरेर कमिसन असुल्ने गरेका छन् ।

## अधिकांश...

नेपालीले विदेशमा लगानी गरेबापत प्राप्त भएको प्रतिफललाई राष्ट्रको प्राथमिक आय शीर्षकमा गणना गरिन्छ। यस्तै, नेपालीले विदेश गएको एक वर्षभन्दा पछि पठाएको रकम र सरकार, गैरसरकारी संघसंस्था, व्यक्ति र परिवारले प्राप्त गरेको सहयोग तथा अनुदानमार्फत प्राप्त रकमलाई द्वितीय आयमा गणना गरिन्छ।

चालु आवमा नेपालले प्राथमिक आयबापत ८२ अर्ब रुपैयाँ र द्वितीय आयबापत १३ खर्ब २२ अर्ब रुपैयाँ प्राप्त गर्ने अनुमान तथ्यांक कार्यालयले गरेको छ। राष्ट्रिय तथ्यांक कार्यालयले चालु आव २०७९ ⁄ ८० मा मुलुकको आर्थिक वृद्धिदर पौने २ प्रतिशत रहने प्रारम्भिक अनुमान गरेको छ। यस अवधिमा म्यानुफ्याक्चरिङ, निर्माण, व्यापारलगायत क्षेत्रको वृद्धिदर ऋणात्मक हुनुका साथै अन्य क्षेत्रको वृद्धिदरमा पनि कमी आएकाले समग्र अर्थतन्त्रको वृद्धिदर उपभोक्ता मूल्यमा १.८६ प्रतिशतमा सीमित हुने कार्यालयको प्रक्षेपण छ।

सरकारले चालु आवमा ८ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य तय गरेकोमा आर्थिक वर्ष ०७९ ⁄ ८० को वार्षिक लेखा तथ्यांकसम्बन्धी प्रतिवेदनले नेपालको अर्थतन्त्रको विस्तार खुम्चिने प्रक्षेपण गरेको हो। तर उक्त अवधिमा आधारभूत मूल्यमा मुलुकको आर्थिक वृद्धिदर २.१६ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्षमा कार्यालयले मुलुकको आर्थिक वृद्धिदर ५.८४ प्रतिशत रहने प्रक्षेपण गरेकामा अहिले ६.६१ प्रतिशतको संशोधित अनुमान गरेको छ।

तथ्यांक कार्यालयले गरेको आर्थिक वृद्धिदरको अनुमान एसियाली विकास बैंक र विश्व बैंकले सन् २०२३ का लागि गरेको भन्दा कम हो। एसियाली विकास बैंक र विश्व बैंकले चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर ४.१ प्रतिशत हुने प्रक्षेपण गरिसकेका छन्। चालु आर्थिक वर्षमा नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को आकार ५३ खर्ब ८१ अर्ब रुपैयाँ पुग्ने तथ्यांक कार्यालयको प्रारम्भिक अनुमान छ। यसअनुसार गत वर्षको तुलनामा यस वर्ष जीडीपीको आकार ५ खर्ब ३० अर्ब रुपैयाँले बढ्ने देखिएको छ। गत आर्थिक वर्ष ०७८ ⁄ ७९ मा नेपालको जीडीपीको आकार उपभोक्ता मूल्यमा ४९ खर्ब ३३ अर्ब रुपैयाँ पुगेको संशोधित अनुमान छ। चालु आर्थिक वर्षको अन्त्यसम्म जीडीपीको आकार ५३ खर्ब ८१ अर्ब ३३ करोड पुग्ने कार्यालयको प्रक्षेपण छ।

## हरेक...

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार वैशाख मसान्तसम्ममा नेपालले मुलुकभित्रैबाट उठाएको १० खर्ब ८३ अर्ब ४७ करोड ४९ लाख कर्जा उठाउन बाँकी रहेको छ । यसैगरी बाह्य ऋण पनि १० खर्ब ७० अर्ब ६४ करोड ९० लाख तिर्न बाँकी रहेको छ । आन्तरिक र बाह्य ऋण गरी मुलुकको अहिले २१ खर्ब ५४ अर्ब १२ करोड ३९ लाख कर्जा रहेको छ । गत आर्थिक वर्षको असार मसान्तसम्ममा २० खर्ब १३ अर्ब २९ करोड ६४ लाख कर्जा तिर्न बाँकी रहेकामा अहिले त्यो बढेर साढे २१ खर्ब पुगेको हो ।

सरकारले १० महिनाको अवधिमा मात्रै १ खर्ब ४० अर्ब ८२ करोड ७५ लाखबराबर ऋणभार थपिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांक रहेको छ ।सरकारले चालू आर्थिक वर्षको १० महिनामा कर्जा थपेको मात्र चाहिँ होइन । यस अवधिमा कर्जाको साँवा र ब्याज पनि भुक्तानी गरेको तथ्यांक रहेको छ । यस अवधिमा सरकारले १ खर्ब १० अर्ब ४२ करोड ५८ लाख आन्तरिक ऋण भुक्तानी गरेको छ भने बाह्य ऋणको ३२ अर्ब ९९ करोड ६२ लाख साँवाब्याज तिरेको छ । यस अवधिमा बाह्य र आन्तरिक कर्जाको कुल साँवा र ब्याज गरी १ खर्ब ४३ अर्ब ४२ करोड तिरेको आन्तरिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ ।

१० महिनाको अवधिमा सरकारले २ खर्ब ३० अर्ब २४ करोड ६७ लाख ऋण उठाएको छ । आन्तरिकतर्फको साँवा रकम ६३ अर्ब ४७ करोड ४४ लाख रुपैयाँ तिरको र ब्याज ४६ अर्ब ८५ करोड ३ लाख र कमिसन रकम १० करोड ११ लाखबराबर तिरेको देखिएको छ ।

# एलओडी विश्वकै उत्कृष्ट क्लबको सूचीमा

काठमाडौं । ठमेलस्थित एलओडी क्लब (नाइट क्लब) पुनः विश्वसकै उत्कृष्ट क्लबमध्ये ४९ औं स्थानमा परेको छ । केही समय अघि क्लब 'डिजे म्याग टप १०० को नोमिनेसनमा परेको थियो । युकेस्थित डिजे म्यागले छनौट गर्ने सन् २०२३ का लागि सय उत्कृष्ट क्लब क्याम्पियनमा एलओडी ४९ औं स्थानमा परेको हो ।

म्यागमा विश्वएभरका सय उत्कृष्ट डिजे क्लबको सहभागी रहने गर्छ । डिजे म्यागले हरेक वर्ष विभिन्न मुलुकमा रहेका उत्कृष्ट क्लबहरूको छनौट गर्ने गर्छ । टप १०० क्लबको सूचीमा पर्न एलओडीले केही समयअघि भोट गर्न अपिल गरेको थियो । यसअघि सन् २०२२ का लागि 'एलओडी' सय क्लबले ५२ औं स्थानमा प्रवेश पाएको थियो । यस पटक पनि एलओडी डिजे म्याग टप १०० को छनौट भएर ४९ औं स्थानमा पर्न सफल भएको क्लबका निर्देशक रविन श्रेष्ठले जानकारी दिए । क्लबसँगै राष्ट्रको नाम सँगसँगै जोडिएकाले गर्वको अनुभूति भइरहेको उनको भनाइ छ ।